# संयुक्त राष्ट्र सङ्घीय महिला विरुद्धको भेदभाव उन्मूलन समितिको

# नेपालको सातौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष टिप्पणी, सुझाव तथा सिफारिस कार्यान्वयन

## राष्ट्रिय मार्गचित्र, २०८२

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

### (क) परिचय

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW)) सन् १९७९ मा संयुक्त राष्ट्र सङ्घको महासभाबाट पारित अन्तर्राष्ट्रिय महासन्धि हो। यसले महिलाहरूको कानूनी, सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक अधिकार सुनिश्चित गर्दै लैङ्गिक समानताको प्रवर्द्धनका लागि पक्ष राष्ट्रहरूले चाल्नु पर्ने कदम र गर्नुपर्ने आवश्यक व्यवस्थाहरूको बारेमा दायित्व सृजना गर्दछ। नेपालले २२ अप्रिल १९९१(तदानुसर ५ चैत्र २०४८) मा अनुमोदन गरेको थियो र सन् २००७ जुन १५ मा यसको ऐच्छिक प्रोटोकललाई पनि अनुमोदन गरेको थियो। यस महासन्धिका सबै पक्ष राष्ट्रहरूलाई महासन्धिको व्यवस्थाहरूको कार्यान्वयनको सम्बन्धमा व्यवस्थापकीय, न्यायिक, प्रशासकीय एवं अन्य उपायहरू मार्फत समानताको सिद्धान्त अवलम्बन गर्ने, सबै विभेदकारी कानूनहरू खारेज गर्ने र विशेषगरी महिला वर्ग भित्रका सीमान्तकृत वर्गहरूलाई विशेष अवसरहरू प्रदान गर्ने व्यवस्था मिलाउने दायित्व प्रदान गरेको छ।

नेपालको संविधानले लैङ्गिक समानता र भेदभाव विरुद्धको अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ । यसका साथै नेपालले विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुलाई अनुमोदन गरेको छ । यसैगरी सन् १९९५ मा बेइजिङ कार्यमन्च (Beijing Platefo'rm for Action),BPfA) मा प्रतिबद्धता जनाउदै महिला सशक्तीकरण र लैङ्गिक समानताको लागि निरन्तर पहल गरिरहेको छ। तथापि नेपालको सामाजिक, सांस्कृतिक, राजनीतिक संरचना, तथा समाजमा रहेको पितृसतात्मक र लैङ्गिक विभेदकारी सोचको परिणाम आदिका कारण यसको पूर्ण कार्यान्वयनमा अझै चुनौतीहरू रहेका छन् र नेपालले त्यस्ता चुनौतीहरूको सामाना गर्न यस क्षेत्रमा विगतका योजना र कार्ययोजनालाई निरन्तरता दिनुका साथै थप पहल गर्न आवश्यक छ।यसै सन्दर्भमा सिड महासन्धिका प्रावधान तथा सिड समितिका सिफारिस कार्यान्वयनका विगतका प्रयास र पहललाई ग्रहण गर्दै थप स्पष्ट कार्ययोजना सहितको मार्गचित्र आवश्यक छ।

### (ख) मार्गचित्रको उद्देश्य

संयुक्त राष्ट्र सङ्घीय महिला विरुद्ध भेदभाव उन्मूलन समितिले नेपालले बुझाएको सातौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष टिप्पणी, सुझाव तथा सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि निर्माण गरिएको यस मार्गचित्रको उद्देश्य देहाय बमोजिम छन्:

१. सातौं आवधिक प्रतिवेदनमा प्राप्त भएका महत्वपूर्ण सिफारिसहरूको रणनीतिक कार्यान्वयन सुनिश्चित गर्नु।
२. निष्कर्ष टिप्पणी र सुझावहरूका आधारमा स्पष्ट कार्यान्वयन ढाँचा तयार गरी सो को कार्यान्वयन सुनिश्चितता गर्नु ।
३. सिफारिसहरुको कार्यान्वयनमा सबै तहका सरकार, सार्वजनिक र निजी क्षेत्र तथा नागरिक समाज लगायतका सम्बन्धित सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्नु ।
४. सिफारिसहरुको कार्यान्वयनका लागि तहगत र निकायगत समन्वयको सुदृढीकरण गरी स्पष्ट जिम्मेवारी, समयावधि र प्रगतिका सूचक सहितका कार्यक्रमहरू निर्धारण गर्नु ।

५. नेपाल सरकारद्वारा सिड समितिमा पेश गर्ने आगामी आठौं र नवौं प्रतिवेदन मस्यौदाको तयारीलाई आधार प्रदान गर्नु।

## (ग) नेपालले सिड समितिमा पेस गरेका प्रतिवेदनको सारांश

संयुक्त राष्ट्र सङ्घीय महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अनुमोदन गरेपश्चात, प्रत्येक चार वर्षमा सिड समितिमा आवधिक प्रतिवेदन पेस गर्ने दायित्व नेपालको रहेको छ। नेपाल सरकारले हालसम्म प्रारम्भिक प्रतिवेदन (सन् १९९४), दोस्रो र तेश्रो संयुक्त आवधिक प्रतिवेदन (सन् १९९९), चौथो र पाँचौ संयुक्त प्रतिवेदन (सन् २०११), छैठौं प्रतिवेदन (सन् २०१८) र सातौ प्रतिवेदन (सन् २०२३) सिड समितिमा पेस गरिसकेको छ ।

सन् १९९४ मा पेस भएको नेपालको पहिलो प्रारम्भिक प्रतिवेदनमा लैङ्गिक हिंसाविरुद्ध विशिष्ट कानूनको अभाव रहेको र समाजमा विद्यमान छाउपडी लगायत अन्य सांस्कृतिक प्रथाहरूलाई सम्बोधन गर्न समितिले सुझाव दिएको थियो। दोस्रो र तेस्रो संयुक्त आवधिक प्रतिवेदनमा सिड समितिले हिंसाको तथ्याङ्कको अभाव, कानूनको कमजोर कार्यान्वयन र द्वन्द्वको प्रभाव लगायतका विषयमा सुझाव प्रदान गरेको थियो। चौथो र पाँचौ संयुक्त प्रतिवेदनमा समितिले भेदभाव विरुद्ध कानूनी प्रावधान ल्याउन, सामाजिक जागरूकताका अभियान सञ्चालन गर्न र मानव बेचबिखन, नागरिकता विहीनता, शिक्षा र स्वास्थ्यमा महिलाको पहुँचलाई प्राथमिकता दिन सुझाव दिएको थियो।

नेपालले पेश गरेको छैठौं आवधिक प्रतिवेदनमा सिड समितिले संस्थागत भेदभाव, कानूनको कमजोर कार्यान्वयन र लैङ्गिक हिंसाको तथ्याङ्कको आवश्यकताको सुझाव दिएको थियो । नेपालले सिड समितिमा पेश गरेको सातौं प्रतिवेदनमा सिड समितिले निष्कर्षात्मक टिप्पणी तथा सुझावहरु प्रस्तुत गर्दै यौन तथा प्रजनन स्वास्थ्यको अधिकारको सुनिश्चितताको अभाव, लैङ्गिक उत्तरदायी बजेटको अभाव र बालविवाह विरुद्ध कानूनको कमजोर कार्यान्वयनको सन्दर्भ उठाएको थियो। साथै सिड समितिले टिप्पणी गर्दै नागरिकता विहीनता गर्भपतनको अपराधीकरणको खारेजी र महिलाको आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिन सिफारिस गरेको थियो।

## (घ) छैठौं आवधिक प्रतिवेदनको सिफारिसहरूको कार्यान्वयन स्थिति

नेपालले सन् २०१८ मा सिड समितिमा पेस गरेको छैठौं आवधिक प्रतिवेदन माथि समितिले जारी गरेको निष्कर्ष टिप्पणीमा लैङ्गिक समानता प्रवर्द्धन र महिलाविरुद्ध भेदभाव उन्मूलनका लागि ५० भन्दा बढी सिफारिसहरू थिए ।

सिड समितिले नेपाललाई भेदभावपूर्ण कानूनहरू संशोधन गर्न, विशेष गरी नागरिकता कानून, वैवाहिक सम्पत्ति, उत्तराधिकारसम्बन्धी भेदभावपूर्ण प्रावधानहरू हटाउन, लैङ्गिक समानताको परिभाषालाई संविधानमा स्पष्ट गर्न, सिडका प्रावधानहरुलाई राष्ट्रिय कानूनमा समावेश गर्न, राजनीतिक जीवनमा महिला सहभागिता बढाउन, महिलाको न्यायमा पहुँच अभिबृद्धि गर्न, लैङ्गिक हिंसा, घरेलु हिंसा, कार्यस्थलमा उत्पीडन सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्न, महिलाको शिक्षा, स्वास्थ्य, रोजगारीमा पहुँच सुनिश्चित गर्न, दलित, आदिवासी, ग्रामीण, अपाङ्गता भएका, यौनिक अल्पसङ्ख्यक महिलाहरूप्रति विशेष ध्यान दिन, वैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षा तथा मानव बेचबिखन विरुद्ध प्रभावकारी संयन्त्र निर्माण गर्न सुझाव दिएको थियो ।

नेपालले सिड समितिका उपर्युक्त सुझावहरुको प्रभावकारी कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गर्दै त्यसका लागि आवश्यक कदमहरु चाल्दै आएको छ।नेपालको संविधानले लैङ्गिक आधारमा भेदभाव निषेध गरेको छ साथै महिला सहभागिता र महिलाको सशक्तीकरणमा जोड दिएको छ।नेपालको संविधानले स्थानीय तहमा कम्तीमा

३३% महिला प्रतिनिधित्व अनिवार्य गरेको छ।हाल स्थानीय तहमा ४१% भन्दा बढी महिला निर्वाचित भएका छन्। जातीय भेदभाव र छुवाछूत विरुद्ध कानूनहरुको कार्यान्वयनलाई बलियो बनाइएको छ, जसले दलित महिलाहरूको अधिकार संरक्षणमा योगदान पुऱ्याएको छ ।समाजमा रहेका हानिकारक अभ्यासहरु सम्बोधन गर्न स्थानीय तहमा सचेतना अभियानहरू संचालन गरिएका छन।बालविवाहविरुद्धको कानून कार्यान्वयनमा जोड दिइएको छ र मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा रहेको छ । हाल बालिकाहरुको साक्षरता दरमा सुधार भएको छ र बालिकाहरूको लागि छात्रवृत्ति कार्यक्रमहरू बिस्तार गरिएको छ । महिला लक्षित सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। प्रजनन स्वास्थ्य सेवामा महिलाको पहुँच वृद्धि भएको छ । राष्ट्रिय महिला सशक्तीकरण परियोजनाले सीमान्तकृत महिलाहरूलाई नेतृत्व विकास प्रशिक्षण प्रदान गरेको छ ।यसरी विभिन्न संवैधानिक, नीतिगत, कानूनी तथा कार्यक्रमगत व्यवस्था मार्फत छैठौं प्रतिवेदनमा प्राप्त सुझाव कार्यान्वयनलाई प्राथमिकता प्रदान गरिएको छ। तथापि सांस्कृतिक तथा सामाजिक मूल्य मान्यताहरू, लैङ्गिक संरचना, स्थानीय तहसम्म नीति तथा कानूनहरुले सुनिश्चित गरेका कार्यक्रमहरुको कार्यान्वयनमा कमी, तथ्याङ्क सङ्कलन र कमजोर अनुगमन प्रणालीले सिडका सिफारिसहरुको पूर्ण कार्यान्वयनमा अझै चुनौतीहरू कायम रहेका छन् ।

## (ङ) नेपालको सातौं आवधिक प्रतिवेदनमाथि महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने समितिको निष्कर्ष र सिफारिसहरूः

नेपालले संयुक्त राष्ट्र सङ्घको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) अन्तर्गत आफ्नो सातौं आवधिक प्रतिवेदन प्रस्तुत् गरिसकेको छ | फेब्रअरी २०२५ मा जेनेभामा भएको ९० औं सत्रको रचनात्मक संवादमा उक्त प्रतिवेदनमाथि छलफल भई सिड समितिले सकारात्मक सुधार र चुनौतीहरूलाई समेटेर आफ्ना निष्कर्ष सुझाव तथा सिफारिसहरु सार्वजनिक गरेको छ। समितिले नेपालको लैङ्गिक समानता नीति, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यमा भएका प्रगतिहरूको प्रशंसा गरे तापनि नागरिकता प्राप्तिमा आमाको नामबाट भोग्नुपर्ने प्रशासनिक अड्चन र विभेदपूर्ण प्रावधानप्रति गम्भीर चासो व्यक्त गरेको छ। त्यसैगरी समाजमा रहेको छाउपडी, बालविवाह र दाइजो जस्ता हानिकारक अभ्यासहरूको अन्त्यका लागि कानून कार्यान्वयन गर्न र सशस्त्र द्वन्द्वका समयमा यौन हिंसामा परेका महिलाहरूलाई संक्रमणकालीन न्याय मार्फत परिपूरण र न्याय सुनिश्चित गर्न समितिले जोड दिएको छ। समग्रमा नेपालले कानूनी रूपमा धेरै उपलब्धि हासिल गरे पनि ती कानूनहरूको प्रभावकारी कार्यान्वयन, आर्थिक क्षेत्रमा महिलाको समान पहुँच र सबै प्रकारका लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अपनाउनु पर्ने समितिको मुख्य सुझाव रहेको छ।नेपालको सातौं आवधिक प्रतिवेदनमाथि सिड समितिले दिएका निष्कर्ष सुझावहरू(Concluding Observations) मध्ये तत्काल गर्न सकिने निष्कर्ष सुझाव तथा सिफारिसहरुलाई कार्यान्वयन गर्न यस कार्यान्वयन मार्गचित्र तयार गरिएको छ। यो मार्गचित्रले प्राप्त सुझावहरूलाई कानुनी, नीतिगत र संरचनात्मक सुधारमा बदल्ने लक्ष्य राखेको छ साथै विगतमा पेस गरेका प्रतिवेदनहरुको कार्यान्वयनको अनुभवको आधारमा सिड समितिले दिएका निष्कर्ष सुझावहरुको कार्यान्वयन गर्न, कार्यान्वयनका प्राथमिकता निर्धारण गर्न तथा कार्यान्वयन गर्ने निकायहरुको जिम्मेवारी पहिचान गर्न मार्गचित्रले स्पष्ट मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ।

## २.सिड समितिबाट सातौं आवधिक प्रतिवेदनमा प्राप्त निष्कर्ष टिप्पणी, सुझाव र सिफारिश कार्यान्वयनको राष्ट्रिय मार्गचित्र (कार्यान्वयन ढाँचा)

| *निष्कर्ष सुझावको अनुच्छेद नं* | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| ११(क) | सार्वजनिक र निजी क्षेत्रहरूमा हुने प्रत्यक्ष तथा अप्रत्यक्ष विभेद तथा अन्तरवर्गीय विभेदका सबै प्रकारहरूलाई पहिचान गरी संशोधन गर्ने । | १. विद्यमान कानूनमा रहेका महिला विरुद्धका विभेदपूर्ण प्रावधानहरु पहिचान गर्न अध्ययन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सम्बन्धित मन्त्रालय, राष्ट्रिय महिला आयोग, नेपाल कानून आयोग, गैरसरकारी संस्था | पहिचान भएको विभेदपूर्ण प्रावधानहरू | अध्ययन प्रतिवेदन | २०८३ |
| | | २. पहिचान गरिएका महिलाविरुद्धका विभेदपूर्ण कानूनहरुको संशोधन गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग | संशोधित कानूनको सङ्ख्या | संशोधित कानून | २०८३ |
| | | ३. सार्वजनिक तथा निजी क्षेत्रमा समान कामका लागि महिलालाई पुरुष सरह समान ज्याला, तलब तथा सुविधा प्रदान गरिएको/नगरिएको बारे अध्ययन गर्ने र त्यसमा विभेद पाइएमा सोको निराकरणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अध्ययन प्रतिवेदन र नीतिको मस्यौदा | अध्ययन प्रतिवेदन र नीतिगत व्यवस्था | निरन्तर |
| ११ (ख) | उमेर, जातीयता, अपाङ्गता र सामाजिक आर्थिक अवस्थाका आधारमा महिला विरुद्धको भेदभावसम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन गर्न एक समग्र सूचना प्रवाहका लागि तथ्याङ्क प्रणाली स्थापना गर्ने। | १. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत संचालित **SIMS** (Social Information Management System) प्रणालीमा महिला विरुद्धको भेदभाव तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन गर्ने व्यवस्था थप गर्ने। | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय तह | गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय | विद्यमान सिम्स (SIMS) प्रणालीमा भेदभाव तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी प्रविष्ट तथ्याङ्क | अद्यावधिक सिम्स (SIMS) प्रणालीमा महिला विरुद्धको भेदभाव तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी तथ्याङ्क थप (वेबपेज) | २०८३ |
| | | २. SIMS प्रणालीका बारेमा स्थानीय तहलाई तथ्याङ्क प्रविष्टि (डाटा ईन्ट्री) तथा प्रयोग गर्ने गराउने सम्बन्धमा क्षमता | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह, राष्ट्रिय गैर सरकारी संस्थाहरु | स्थानीय तहमा संचालित अभिमुखीकरण तथा सहभागी सङ्ख्या र | तालिम प्रतिवेदन र थप डाटा ईन्ट्री अद्यावधिक रिपोर्ट | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | | | SIMS मा तथ्याङ्क प्रविष्टि गरी अद्यावधिक गर्ने स्थानीय तह सङ्ख्या | | |
| १३ (क) | ग्रामीण तथा सीमान्तकृत महिलाहरुले निःशुल्क कानूनी सहायता प्राप्तिलाई सुनिश्चित गर्न कानूनी सहायता सम्बन्धी ऐन,२०५४ मा संशोधन गर्ने वा नयाँ ऐन तर्जुमा गर्ने । | १. ग्रामीण तथा सीमान्तकृत महिलाहरुले निःशुल्क कानूनी सहायता प्राप्तिलाई सुनिश्चित गर्न निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सङ्घीय संसद, सर्वोच्च अदालत, न्यायिक समिति, महान्याधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशन | संसदमा पेस भएको संशोधन विधेयकको मस्यौदा | संशोधन मस्यौदाको प्रति | २०८३ |
| | | २. ग्रामीण तथा सीमान्तकृत महिलाहरुका लागि निःशुल्क कानूनी सहायता कार्यक्रम सञ्चालन गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय महिला आयोग, स्थानीय तह, | महान्याधिवक्ताको कार्यालय, अर्थ मन्त्रालय, केन्द्रीय तथा जिल्ला कानूनी सहायता समिति, नेपाल बार एशोसिएसन, राष्ट्रिय न्यायिक समिति, दातृ निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | दुर्गममा संचालित निःशुल्क कानूनी सहायता कार्यक्रम सङ्ख्या र लाभांन्वित सङ्ख्या (खण्डिकृत तथ्याङ्क) | वार्षिक प्रतिवेदन | निरन्तर |
| | | ३. जिल्ला कानूनी सहायता समितिका पदाधिकारी, जिल्ला कानूनी सहायता अधिकारी र आबद्ध कानून व्यवसायीको क्षमता विकास सम्बन्धी कार्यक्रमको पाठ्यक्रममा महिला अधिकारका विषय समावेश गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | महान्यायधिवक्ताको कार्यालय, केन्द्रीय कानूनी सहायता समिति, जिल्ला कानूनी सहायता समिति, , नेपाल बार एशोसियसन | महिला अधिकारको कार्यक्रम समावेश पाठ्यक्रम | प्रतिवेदन | निरन्तर |
| १३ (ख) | महिला अधिकार सुनिश्चित गर्न उपलब्ध रहेका उपचार बारे विशेषतः आदिवासी महिला र अपाङ्गता भएका महिलाद्वारा सामना गरिने अवरोधहरू संवोधन गर्न, | १. महिला अधिकारको बारेमा मातृभाषा तथा स्थानीय भाषा र अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्गतामैत्री सञ्चार माध्यम (जस्तै, साङ्केतिक भाषा, ब्रेल लिपी, | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय अपाङ्ग महासंघ, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | मातृभाषा तथा स्थानीय भाषामा संचालित सचेतना कार्यक्रमको सङ्ख्या र सचेतना कार्यक्रममा पहुँच पुगेका व्यक्ति प्रतिशत | कार्यक्रम प्रतिवेदन | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय भाषा तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने । | सरल चित्र) मा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने । | | | | | |
| | | २. सरकारी वेवसाइटको भाषा तथा सरकारी सूचनालाई अपाङ्गता मैत्री बनाउने । | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह | अपाङ्गता मैत्री वेबसाईटको सङ्ख्या | प्रतिवेदन | निरन्तर |
| १३ (ग) | न्यायपालिका र कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरूलाई महिलाका मानवअधिकार र लैङ्गिक संवेदनशील सोधपुछ तथा अनुसन्धान विधिबारे तालिम प्रदान गर्ने। | १. अनुसन्धान तथा न्याय निरूपणमा संलग्न प्रहरी, सरकारी वकिल, अदालतका कर्मचारी तथा न्यायाधीशलाई महिलाका मानव अधिकार र लैङ्गिक संवेदनशीलता अवलम्बन गर्ने सम्बन्धमा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा तालिम केन्द्र, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, | सर्वोच्च अदालत, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू | तालिम र अभिमुखीकरण सङ्ख्या र सहभागीको सङ्ख्या (खण्डिकृत तथ्याङ्क) | अभिमुखीकरण र प्रशिक्षण प्रतिवेदन | निरन्तर |
| १५ (ख) | द्वन्द्व प्रभावित महिला/बालिकाहरूको लागि उपचार र परिपूरणको अधिकार सुनिश्चित गर्ने। | १. द्वन्द्व प्रभावित महिला तथा बालिकाका लागि उपयुक्त परिपूरण कार्यक्रम (चिकित्सा, मनोसामाजिक, आर्थिक सहयोग, रोजगारीमूलक कार्यक्रम) सञ्चालन गर्ने । | गृह मन्त्रालय, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग/सत्य निरूपण तथा मेलमिलाप आयोग | अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बन्धित अन्य मन्त्रालयहरु, प्रदेश सरकार, स्थानीय तह, सं.रा.सं नियोग, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, | संचालित परिपूरण कार्यक्रम सङ्ख्या र लाभांन्वित सङ्ख्या | सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको वार्षिक प्रतिवेदनहरू (वेबपेज) | निरन्तर |
| | | २.घरेलु हिंसा र लैङ्गिक हिंसाबाट पीडित महिलाको सुरक्षाका लागि द्रुत प्रतिकार्य टोली गठन गर्ने । | गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाल प्रहरी, | अर्थ मन्त्रालय, सम्बन्धित अन्य मन्त्रालयहरु, प्रदेश सरकार, स्थानीय तह, सं.रा.सं नियोग, नेपाल प्रहरी, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, | गठित द्रुत प्रतिकार्य टोलीको सङ्ख्या र प्रतिकार्यको सेवा र सुरक्षा पाएका पीडित महिलाको सङ्ख्या र हेल्पलाईन ११४५ राष्ट्रिय महिला | द्रुत टोली गठन निर्णय वा स्वीकृत मापदण्ड, टोली क्रियाशील सूची र प्रतिकार्यबाट लाभान्वित महिला | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | | | | आयोगमा प्राप्त उजुरीको सङ्ख्या | | |
| १५ (ग) | महिला, शान्ति तथा सुरक्षासँग सम्बन्धित सबै प्रक्रियाहरूमा महिलाको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गर्ने। | १. संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारिताको मूल्याङ्कन तथा समीक्षा गर्ने । | गृह मन्त्रालय | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश मन्त्रालय, स्थानीय तह, द्वन्द्व पीडित महिलाहरुको सञ्जाल, | दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारिता मूल्याङ्कन प्रतिवेदन | मूल्याङ्कन, समीक्षा प्रतिवेदन | २०८३ |
| | | २. द्वन्द्व पीडित तथा प्रभावित महिलाको नेतृत्व तथा क्षमता विकास लक्षित कार्यक्रम सञ्चालन गर्ने । | गृह मन्त्रालय | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय तह, द्वन्द्व पीडित महिलाहरुको सञ्जाल | संचालित क्षमता विकास कार्यक्रम सङ्ख्या र सहभागी लाभान्वित सङ्ख्या | सञ्चालित कार्यक्रमको प्रतिवेदन | निरन्तर |
| १७ (क) | राष्ट्रिय लैङ्गिक समानता नीति तथा यसको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि पर्याप्त मानवस्रोत, प्राविधिक तथा वित्तीय स्रोतहरूको व्यवस्था गर्नुपर्ने, साथै तिनको प्रभावको नियमित रूपमा अनुगमन र मूल्याङ्कन गर्नुपर्ने । | १. राष्ट्रिय लैङ्गिक समानता नीतिको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गर्ने। | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय | लैङ्गिक उत्तरदायी बजेट | वार्षिक बजेट तथा कार्यक्रम | निरन्तर |
| | | २. राष्ट्रिय लैङ्गिक समानता नीतिको प्रभावकारी कार्यान्वयन गर्न लैङ्गिक सम्पर्क विन्दुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र परिचालन गर्ने । | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय महिला आयोग, प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था | संचालित अभिमुखीकरण कार्यक्रम सङ्ख्या र सहभागी सङ्ख्या (निकायगत तथ्याङ्क ) | अभिमुखीकरण कार्यक्रम प्रतिवेदन | निरन्तर |
| | | ३. राष्ट्रिय लैङ्गिक समानता नीति तथा कार्यान्वयन कार्ययोजनाको समीक्षा गरी सुझाव सहितको मूल्याङ्कन प्रतिवेदन तयार गर्ने । | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सङ्घीय संसदको सम्बन्धित समिति, राष्ट्रिय महिला आयोग, सम्बन्धित मन्त्रालय तथा निकायहरू | समीक्षा प्रतिवेदन | वार्षिक अनुगमन मूल्याङ्कन प्रतिवेदन | २०८३ |
| | | ४. राष्ट्रिय लैङ्गिक समानता नीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहद्वारा लैङ्गिक समानता | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | लैङ्गिक समानता नीति कार्यान्वयन गर्ने प्रदेश | वार्षिक बजेट तथा कार्यक्रम | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| | | तथा सामाजिक समावेशीकरण नीति तथा कार्यान्वयनका लागि कार्ययोजना बनाई लागू गर्ने । | | | तथा स्थानीय तहको सङ्ख्या | | |
| २१ (क) | राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाको प्रतिनिधित्व सुनिश्चितता गर्न कोटा, पहुँच र सहभागिता प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने तथा महिला उम्मेदवारहरुको पदपूर्ति र पदोन्नतिको लागि अस्थायी विशेष उपायहरू लागू गर्ने । | १. राजनीतिमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्ने गरी एकीकृत निर्वाचन कानून तर्जुमा गर्ने । | गृह मन्त्रालय | सङ्घीय संसद, निर्वाचन आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | एकीकृत निर्वाचन ऐन | निर्वाचन कानूनको संशोधन | २०८५ |
| | | २. सार्वजनिक जीवनमा महिलाको सहभागिता अभिवृद्धि गर्नका लागि बहस पैरवी कार्य तथा सिफारिस गर्ने । | राष्ट्रिय महिला आयोग | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज | कार्यक्रम सङ्ख्या | सङ्घीय संसदबाट पारित विधेयक र सोको प्रमाणीकरण विवरण | २०८५ |
| २१ (ख) | अन्तरसम्बन्धित भेदभावको सामना गरिरहेका सबै महिला र बालिकाहरूका विशेष आवश्यकताहरूलाई पहिचान गरी ती उपायहरूको प्रभावकारिताको नियमित रूपमा मूल्याङ्कन गर्न संयन्त्रहरू स्थापना गर्ने । | १. अन्तरविविधता भेदभावको सामना गरिरहेका सबै महिला र बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी उनीहरूको विशेष आवश्यकताको पहिचान गर्न अध्ययन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग,<br>प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु | पहिचान भएका विशेष आवश्यकताको सूची | अध्ययन प्रतिवेदन | २०८३ |
| | | २. पहिचान गरिएका विशेष आवश्यकतालाई वार्षिक कार्यक्रममा समावेश गर्ने। | संघ, प्रदेश, स्थानीय तह | राष्ट्रिय महिला आयोग गैरसरकारी सस्थाहरु | संचालित कार्यक्रम सङ्ख्या, | कार्यक्रम प्रतिवेदन | २०८३ |
| २३ (क) | लिङ्ग पहिचान गरी गर्भपतन गर्ने अभ्यास उन्मूलन गर्न राष्ट्रिय रणनीति कार्यान्वयन गर्ने, तथा | १. लिङ्ग पहिचान गरी गर्भपतन गर्ने अभ्यास विरुद्ध समुदाय, धार्मिक अगुवा, शिक्षक तथा सञ्चार माध्यमलाई लक्षित गरी सचेतना अभियान सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सङ्घीय सरकार र प्रदेश सरकारका | संचालित सचेतना कार्यक्रम सङ्ख्या | समीक्षा प्रतिवेदन | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | हेल्पलाइनसहितको सेवा स्थापना गर्ने । | | | सम्बन्धित मन्त्रालय, स्थानीय तह, राष्ट्रिय महिला आयोग राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु | | | |
| | | २. लिङ्ग पहिचान गरी गरिने गर्भपतन रोकथामका लागि सेवाप्रदायकलाई अभिमुखीकरण गर्ने तथा कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रिय महिला आयोग | अभिमुखीकरण कार्यक्रम सङ्ख्या अनुगमनको सङ्ख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | | ३. लिङ्ग पहिचान गरी गर्भपतन गर्ने अभ्यास विरुद्ध सञ्चालित कार्यक्रमहरुको कार्यान्वयन स्थितिको मूल्याङ्कन र समीक्षा गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय महिला आयोग | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गैरसरकारी संस्थाहरू, | लिङ्ग पहिचान गरी गर्भपतन गर्नेको सङ्ख्या अनुपात | समीक्षा प्रतिवेदन | निरन्तर |
| | | ४. लैङ्गिक हिंसा पीडितको लागि संचालित हेल्पलाइनहरूमा लिङ्ग पहिचान गरी गर्भपतन गर्ने अभ्यास विरुद्ध परामर्श तथा मामला व्यवस्थापन सेवा थप गर्ने । | राष्ट्रिय महिला आयोग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | गैरसरकारी संस्थाहरु, नि:शुल्क हेल्पलाईन संचालक निकायहरू | हेल्पलाईन (११४५) मा थप सेवा र सेवा प्राप्त गर्ने सेवाग्राही सङ्ख्या | वेबपेज र महिला आयोगको प्रतिवेदन | निरन्तर |
| २३ (ग) | सम्बन्धित सार्वजनिक पदाधिकारीहरू, सञ्चार माध्यमहरू तथा निजी क्षेत्रका प्रतिनिधिहरूलाई भेदभावपूर्ण लैङ्गिक यथास्थितिहरूको सम्बोधन गर्न सक्षम बनाउन लैङ्गिक-उत्तरदायी भाषा प्रयोगमार्फत क्षमता अभिवृद्धि गराउने तथा सञ्चार माध्यममा महिला विकासका सक्रिय चालकका रूपमा रहेको सकारात्मक सन्देश प्रवर्द्धन गर्ने। | १. सार्वजनिक पदाधिकारीहरू, सञ्चार माध्यमहरू तथा निजी क्षेत्रका प्रतिनिधिहरूलाई भेदभावपूर्ण लैङ्गिक-उत्तरदायी भाषा प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम। | राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | गैरसरकारी संस्थाहरु | क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी सङ्ख्या | तालिम प्रतिवेदन | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| २५ | छाउपडी, बालविवाह वा जबरजस्ती विवाह, जातीय भेदभाव, दाइजो प्रथा, बहुविवाह र बोक्सीको आरोप लगायतका हानिकारक अभ्यासहरूलाई निषेध गर्ने राष्ट्रिय कानूनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. स्थान विशेषका हानिकारक अभ्यास विरुद्ध समुदाय, धार्मिक तथा समाजका अगुवाहरू, शिक्षक, पुरुष सञ्जाल, महिला समूह, बाल क्लब तथा सञ्चार माध्यमलाई लक्षित गरी सचेतना अभियान सञ्चालन गर्ने। | सामाजिक क्षेत्र हेर्ने प्रदेश मन्त्रालय, स्थानीय तह | राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी, गैरसरकारी संस्थाहरु | अल्पकालीन सुरक्षा सेवा प्राप्त गर्ने सङ्ख्या र सचेतना प्राप्त गर्नेको सङ्ख्या | सचेतना अभियान प्रतिवेदन | निरन्तर |
| | | २. शैक्षिक पाठ्यक्रममा हुनसक्ने लैङ्गिक यथास्थितिवादलाई पहिचान गरी परिमार्जन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | पाठ्यक्रम विकास केन्द्र र विश्वविद्यालयहरु | परिमार्जित पाठ्यक्रमको सङ्ख्या | वार्षिक प्रगति प्रतिवेदन | निरन्तर |
| | | ३. हानिकारक अभ्यासबाट प्रभावितको संरक्षणका लागि अल्पकालीन सुरक्षा व्यवस्था (मनोसामाजिक परामर्श, भौतिक, आर्थिक लगायतको) व्यवस्था गर्ने। | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन सुरक्षा सेवा प्राप्त गर्ने सङ्ख्या | कार्यक्रम प्रतिवेदन | २०८३ |
| | | ४. विद्यालयस्तरमा प्रत्येक हप्ताको कुनै एक दिन (जस्तै शुक्रबार) हानिकारक अभ्यासहरु विरुद्ध सचेतना अभिवृद्धि गर्न विद्यार्थीहरुको उमेर अनुसार अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने। | सबै सरकारी र सामुदायिक विद्यालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प्रदेश सरकार, स्थानीय तह | अतिरिक्त क्रियाकलापको सङ्ख्या र सहभागी विद्यार्थी सङ्ख्या | सचेतना अभियानको प्रभावकारिता मूल्याङ्कन प्रतिवेदन | निरन्तर |
| | | ५. हानिकारक परम्परागत अध्यास न्यूनीकरणका लागि युवा लक्षित सचेतना तथा विद्यालय, कार्यस्थल र डिजिटल प्रबिधि माध्यममा हुने हिंसा नियन्त्रण गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, गैरसरकारी क्षेत्र, दुरसञ्चार प्राधिकरण, डिजिटल प्लेटफर्म सञ्चालक | सञ्चालित सामाजिक अभियान र सचेतनामूलक कार्यक्रम सङ्ख्या र डिजिटल माध्यमबाट भएको हिंसा सम्बन्धी दर्ता भएका उजुरीको सङ्ख्या | जिम्मेवार निकायको प्रतिवेदन | निरन्तर |
| | | ६. हानिकारक सामाजिक अभ्यासको विश्लेषण गर्दै लक्षित समुदायको व्यवहार | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय महिला आयोग, स्थानीय तह, गैरसरकारी संस्थाहरु | सचेतनामुलक कार्यक्रमको सङ्ख्या | सञ्चालित कार्यक्रम प्रतिवेदन | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| | | परिवर्तन र सामाजिक रुपान्तरणको कार्यक्रम सञ्चालन गर्ने। | | | | | |
| २७ (क) | महिला र बालिका विरुद्ध हुने मनोवैज्ञानिक हिंसा, प्रविधिको माध्यमबाट हुने हिंसा लगायतका लैङ्गिक हिंसाका सबै स्वरूपहरूलाई अपराधीकरण गर्ने । | १. महिला र बालिकाविरुद्ध प्रविधि समेतको माध्यमबाट हुने सबै प्रकारका लैङ्गिक हिंसाका स्वरूपहरूलाई नियन्त्रण गर्न संवोधन हुने गरी लैङ्गिक हिंसा विरुद्धको एकीकृत ऐन तर्जुमा गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल कानून आयोग | लैङ्गिक हिंसा विरुद्धको एकीकृत ऐन | सङ्घीय संसदबाट पारित विधेयक र सोको प्रमाणीकरण विवरण | २०८४ |
| | | २. सङ्घीय तथा प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा प्रतिकार्यका समन्वय संयन्त्र स्थापना गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने । | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संघ, प्रदेश, स्थानीय तह, सम्बन्धित निकायहरु | कार्यविधि संयन्त्र स्थापना भएका निकायको सङ्ख्या र बैठक सङ्ख्या | सङ्घीय, प्रदेश र स्थानीय तहमा तोकिएको कार्यदिश र संयन्त्र | २०८३ |
| | | ३. लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना निर्माण गरी त्यसको कार्यान्वयन गर्ने । | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघ, प्रदेश, स्थानीय तह | स्वीकृत राष्ट्रिय कार्ययोजना | स्वीकृत कार्ययोजना | २०८३ |
| | | ४. लैङ्गिक हिंसा मामला व्यवस्थापन निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने। | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संघ, प्रदेश, स्थानीय तह | स्वीकृत निर्देशिका | लैङ्गिक हिंसा केस व्यवस्थापन निर्देशिका | २०८३ |
| | | ५. लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति स्वीकृत तथा अनुमोदन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संघ, प्रदेश, स्थानीय तह | स्वीकृत रणनीति | स्वीकृत रणनीति र संचालित कार्यक्रम प्रतिवेदन | २०८३ |
| २७ ख) | नयाँ प्रविधिबाट हुने लैङ्गिक हिंसालाई रोकथाम गर्न राष्ट्रिय नियामक प्रक्रियाहरूलाई सुदृढ पार्ने। | १. साइबर सुरक्षा तथा सामाजिक सञ्जाल सम्बन्धी कानूनमा प्रविधिबाट हुने लैङ्गिकतामा आधारित हिंसालाई सम्बोधन गर्न आवश्यक व्यवस्थाहरु समावेश गर्ने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दुरसञ्चार प्राधिकरण, सूचना प्रविधि विभाग | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल दुरसञ्चार प्राधिकरण | साइबर सुरक्षा तथा सामाजिक सञ्जाल सम्बन्धी कानूनहरु | स्वीकृत कानूनी व्यवस्थाहरु | २०८३ |

| *निष्कर्ष सुझावको अनुच्छेद नं* | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| | | २. किशोरी तथा बालिका केन्द्रित साइबर सुरक्षाको जोखिमबाट सुरक्षित रहन संघ, प्रदेश र स्थानीय तहसमेतको सहकार्यमा समुदायस्तरसम्म जनचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, राष्ट्रिय साइबर सुरक्षा केन्द्र | गृह मन्त्रालय, नेपाल दुरसञ्चार प्राधिकरण, राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी, राष्ट्रिय साइबर सुरक्षा केन्द्र, इन्टरनेट सेवा प्रदायक, दुरसञ्चार सेवा प्रदायक, गैरसरकारी संस्थाहरु, सञ्चार माध्यमहरु | साइबर सुरक्षा सम्बन्धी कार्यक्रम | सञ्चालित कार्यक्रम प्रतिवेदन | निरन्तर |
| | | ३. लैङ्गिक संवेदनशीलता सहित साइबर कसूरको प्रभावकारी अनुसन्धानका लागि साइबर ब्यूरोमा पूर्वाधार सहितको दक्ष जनशक्तिको व्यवस्था गर्ने । | गृह मन्त्रालय, नेपाल प्रहरी | अर्थ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय महिला आयोग, नेपाल दुरसञ्चार प्राधिकरण, दुरसञ्चार तथा इन्टरनेट सेवा प्रदायक, राष्ट्रिय साइबर सुरक्षा केन्द्र | डिजिटल पूर्वाधार र दक्ष जनशक्तिको लागि क्षमता विकास कार्यक्रमको सङ्ख्या | सम्बन्धित निकायको प्रतिवेदन | २०८४ |
| २७ ग | लैङ्गिक हिंसाबाट पीडित महिला र बालिकाहरूको लागि विशिष्टीकृत सेवाहरूको उपलब्धता सुनिश्चित गरी त्यस्ता सेवाहरू समावेशी, पहुँचयोग्य र ग्रामीण क्षेत्रमा उपलब्ध हुने प्रत्याभूत गर्ने । | १. अस्पतालहरूमा भएका विद्यमान एकद्वार संकट व्यवस्थापन केन्द्रलाई आवश्यक आर्थिक तथा मानवीय स्रोत प्रदान गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्राथमिक स्वास्थ्य केन्द्र | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, प्रदेश सरकार | पूर्णकालीन केश व्यवस्थापकको सङ्ख्या | निकायगत वार्षिक प्रतिवेदन | निरन्तर |
| | | २. एकद्वार संकट व्यवस्थापन केन्द्र सम्बन्धी राष्ट्रिय कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्राथमिक स्वास्थ्य केन्द्र | प्रदेश सरकार, एकद्वार संकट व्यवस्थापन केन्द्र रहेका अस्पतालहरु, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, | कार्ययोजनाका सञ्चालित कार्यक्रम सङ्ख्या | संचालित कार्यक्रम प्रतिवेदन | २०८३- निरन्तर |
| | | ३. अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका, २०७७ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय प्राथमिक स्वास्थ्य केन्द्र | स्थानीय तह, प्रदेश सरकार | परिमार्जित निर्देशिका | संचालित कार्यक्रम प्रतिवेदन | २०८३- निरन्तर |

| *निष्कर्ष सुझावको अनुच्छेद नं* | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| | | परिमार्जन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | | | | | |
| २७ (घ) | यौन हिंसाका घटनाहरूको उजुरी गर्नको लागि हदम्याद खारेज गर्ने। | १. यौन हिंसाका घटनाहरूको उजुरी गर्ने सम्बन्धमा विद्यमान कानूनमा भएका व्यवस्थामा भएको हदम्याद सम्बन्धी व्यवस्थाको अध्ययन गरी सुझावसहित नेपाल सरकारलाई सिफारिस गर्ने । | राष्ट्रिय महिला आयोग, नेपाल कानून आयोग | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | हदम्यादको अवस्था | अध्ययन प्रतिवेदन (सम्बन्धित निकायको वेबसाईट) | २०८३ |
| २९ (क) | मानव बेचबिखनको प्रोटोकल अनुसार मानव बेचबिखनको सबै स्वरूपहरूलाई अपराधीकरण गर्न मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन र अन्य सान्दर्भिक राष्ट्रिय कानूनहरू संशोधन गर्ने। | १. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा अन्य सान्दर्भिक कानूनहरूलाई पालेर्मो प्रोटोकल अनुकूल बनाउन संशोधन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून, न्याय तथा मानव अधिकार समिति | संशोधित ऐन | राजपत्र | २०८५ |
| २९ (ग) | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी राष्ट्रिय नीति र बेचबिखन सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने। | १. मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीतिको कार्यान्वयन गर्ने। | गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सम्बन्धित निकायहरु | मानव बेचविखन सम्बन्धी मुद्दाको अनुपात | कार्यान्वयन कार्ययोजनाको प्रगति प्रतिवेदन | २०८२-निरन्तर |
| २९ (ङ) | महिला अन्य वस्तु जस्तै बेचविखनको साधन नभएको कुरालाई सम्बोधन गर्न पुरुष र किशोर लक्षित शैक्षिक र सचेतना-अभिवृद्धि अभियानहरूलाई सुदृढ गर्ने। | १. यौन शोषणलाई नियन्त्रण गर्न पुरुष र किशोरहरूलाई संलग्न गराई शैक्षिक र सामाजिक जागरणका अभियानहरु सञ्चालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सञ्चालित जागरण अभियान सङ्ख्या | जागरणका अभियानका (सामग्री, प्रकार, जिंगल, फोटो, भिडियो लगायत) तथ्याङ्क | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| ३१ (क) | राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाको निर्णायक तहमा समान र समावेशी प्रतिनिधित्वका लागि विद्यमान अबरोधहरूलाई दीर्घकालीन रूपमा निर्मुलिकरण र समानता सम्बन्धी वृहत रणनीति निर्माण गरी कार्यान्वयन गर्ने । | १. व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, राजनीतिक दल, सुरक्षा, निकाय, संसद, निजामती, कुटनीतिक निकाय,अदालत, शैक्षिक संस्था, स्वास्थ्य क्षेत्रमा महिला प्रतिनिधित्व सम्बन्धी विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन स्थितिको अध्ययन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | महिला प्रतिनिधित्त्व सङ्ख्या | अध्ययन प्रतिवेदन | आवधिक |
| | | २. अध्ययन प्रतिवेदनको सुझाव बमोजिम सम्बन्धित कानूनमा आवश्यक संशोधन गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | संशोधित कानुनको सङ्ख्या | लैङ्गिक समानता सम्बन्धी कानून | २०८५ |
| | | ३. लैङ्गिक समानता सम्बन्धी कानून तर्जुमा गर्न अध्ययन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय महिला आयोग, सरोकारवाला निकायहरु | अध्ययन प्रतिबेदन | अध्ययन प्रतिबेदन | २०८४ |
| | | ४. महिलाहरुको नेतृत्व क्षमता विकासका लागि तालिम आयोजना गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | तालिम सङ्ख्या र सहभागी सङ्ख्या | तालिम प्रतिवेदन | २०८३ - निरन्तर |
| ३१ घ | न्यायपालिका, सार्वजनिक सेवा र कूटनीतिक नियोगसहित परराष्ट्र सेवामा महिलाको प्राथमिकतासाथ पदपूर्ति गर्ने, र अन्तर्राष्ट्रिय संस्थाहरूमा आवेदन दिने महिला उम्मेदवारहरूलाई सहयोग गर्ने। | १. सबै सार्वजनिक सेवामा महिलाको सहभागिता वृद्धि गर्न तयारी कक्षाहरु सञ्चालन गर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | संचालित तयारी कक्षा सङ्ख्या र सरकारी सेवामा कार्यरत महिला सङ्ख्या | तयारी कक्षाको विवरण र लोकसेवा आयोगको प्रतिवेदन | निरन्तर |
| | | २. राजदूत नियुक्ति तथा अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाका प्रतिनिधिमण्डलमा महिलाहरुको सहभागिता र प्रतिनिधित्व बृद्धि गर्नका लागि सहयोगी वातावरण सृजना गर्ने। | नेपाल सरकार मन्त्रिपरिषद | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, परराष्ट्र मन्त्रालय | महिलाहरुको प्रतिनिधित्व बृद्धि अनुपात | महिलाहरुको प्रतिनिधित्व बृद्धि विवरण, वार्षिक प्रतिवेदन | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| ३५(ङ) | सबै बालबालिकाहरूको जन्म दर्ता सुनिश्चित गर्ने। | एकल आमाले आफ्ना सन्ततिको जन्म दर्ता गर्न सक्ने गरी अनलाईन प्रणालीलाई अद्यावधिक गर्ने । | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | एकल आमाको नाममा भएको जन्मदर्ताको सङ्ख्या | अद्यावधिक प्रणाली | निरन्तर |
| ३७ ग | बालिकाहरु तथा अपाङ्गता भएका सबै बाल बालिकाहरूलाई गुणस्तरीय तथा समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्ने र विद्यालयमा टिकाइ राख्ने । | १. विद्यालय भर्ना नभएका र भर्ना भएर बीचमै विद्यालय छाड्ने कारण पहिचान गर्ने र सुधारका उपायहरु कार्यान्वियन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | विद्यालय जाने बालिकाको भर्ना र टिकाउदर | वार्षिक प्रतिवेदन | निरन्तर |
| | | २.अपाङ्गता भएका बालबालिका र छात्रालाई दिइएको छात्रवृत्तिको क्षेत्र र पहुँच विस्तार गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | छात्रवृत्ति प्राप्त गर्नेको सङ्ख्या | स्थानीय तहको प्रतिवेदन | निरन्तर |
| | | ३ अपाङ्गताको विविधतालाई संवोधन हुने गरी शिक्षक तालिम कार्यक्रम संचालन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र मातहतका प्रदेश शिक्षा तालिम केन्द्रहरु | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, प्रदेश सरकार | अपाङ्गताको विविधतालाई संवोधन गर्ने तालिम योजना र शिक्षक तालिम सङ्ख्या र सहभागी सङ्ख्या | वार्षिक बजेट तथा कार्यक्रम र तालिमको प्रतिवेदन | निरन्तर |
| | | ४ अपाङ्गता भएका बालबालिकाको सिकाइ सहजीकरण सुधारका लागि स्थानीय तहलाई अनुदानको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, स्थानीय तह | अनुदान प्राप्त गर्ने स्थानीय तहको सङ्ख्या तथा अनुदानको परिमाण | वार्षिक बजेट तथा कार्यक्रम | निरन्तर |
| | | ५. दृष्टिविहिन अपाङ्गता भएका विद्यार्थीहरूका लागि विद्यालय तहका पाठ्यपुस्तकहरु ब्रेल लिपीमा तयार गरी प्रयोग गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, स्थानीय तह | ब्रेल लिपीका पाठ्यपुस्तकको सङ्ख्या | जिम्मेवार निकाय वा स्थानीय तहको प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ६. स्थानीय तहका शिक्षा सम्बद्ध कर्मचारीलाई गरिने अभिमुखीकरण कार्यक्रममा पहुँचयुक्त विद्यालय वातावरणसम्बन्धी विषयवस्तु समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, स्थानीय तह | अभिमुखीकरण सङ्ख्या र सहभागी सङ्ख्या | अभिमुखीकरण प्रतिवेदन र सामग्री | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| ३७ ग | अपाङ्गता भएका महिला र बालिकाहरुलाई सुरक्षित शैक्षिक वातावरण प्रदान गर्न भेदभाव, उत्पीडन र हिंसामुक्त राष्ट्रिय दुर्व्यवहार विरोधी नीति अपनाउने । | १. विद्यालयमा अपाङ्गता भएका विद्यार्थी माथि हुन सक्ने दुर्व्यवहार सम्बन्धी सचेतना सामग्री विकास र प्रकाशन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, प्रदेश सरकार, स्थानीय तह | सचेतना सामग्री विकास (सङ्ख्या र प्रकार) र प्रयोग गर्ने विद्यार्थी सङ्ख्या | बाल क्लब तथा स्थानीय तहको प्रतिवेदन | निरन्तर |
| | | २. अपाङ्गता भएका व्यक्तिलाई हुने हिंसा, भेदभाव तथा उत्पीडन सम्बन्धी सचेतनामूलक श्रव्य दृष्य सामग्री निर्माण गरी विद्यालयमा प्रयोग गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थानीय तह | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | सचेनतामुलक श्रव्यदृष्य सामग्रीको सङ्ख्या | प्रकाशित सामग्री | २०८४ - निरन्तर |
| ३७ घ | विद्यालय तहका पाठ्यक्रममा मर्यादित महिनावारी सम्बन्धी विषयवस्तु समावेश गर्ने । | १. मर्यादित महिनावारी सम्बन्धी मार्गदर्शन तर्जुमा गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, स्थानीय तह | पारित मर्यादित महिनावारी सम्बन्धी मार्गदर्शन । | स्वीकृत मार्गदर्शन | २०८३ |
| | | २.विद्यालय तहको पाठ्यक्रममा मर्यादित महिनावारी सम्बन्धी विषयवस्तु सान्दर्भिक पाठमा समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सान्दर्भिक पाठमा मर्यादित महिनावारी सम्बन्धी विषयवस्तु समायोजन भएको हुने (पाठ, बिषय सङ्ख्या) | समायोजित पाठ | २०८३ |
| | | ३. मर्यादित महिनावारी सम्बन्धी विषय विद्यालय तहको सह-क्रियाकलापमा समावेश गरी सञ्चालन गर्ने गराउने। | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | महिनावारी बारे विद्यालयमा संचालित सहक्रियाकलाप सङ्ख्या | स्थानीय तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | | ४. छात्राहरुका लागि पहुँचयुक्त सफा, सुरक्षित र स्वस्थ वातावरण सहितको सुविधायुक्त शौचालय सुनिश्चित भए/ नभएको अनुगमन गर्ने। | शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय | प्रदेश, स्थानीय तह | विद्यालयका बाल क्लबबाट नियमित अनुगमन सङ्ख्या | बाल क्लबको प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ५. छात्राहरुलाई सेनिटरी प्याड उपलब्ध गराउन दिइने अनुदान निरन्तर प्रदान गर्ने र सम्बन्धित निकायले प्राप्त अनुदान रकमबाट गुणस्तरीय सेनिटरी प्याड | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अनुदान प्राप्त गर्ने स्थानीय तहको सङ्ख्या र सेनिटरी प्याड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | वार्षिक बजेट र कार्यक्रम प्रतिवेदन | निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | वितरणको सुनिश्चितताका लागि अनुगमन गर्ने। | | | | | |
| | | ६. विद्यार्थी लक्षित बृहत् यौन तथा प्रजनन शिक्षा सम्बन्धी सामग्री विकास गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | विकास भएको सामग्री सङ्ख्या र सचेतना कार्यक्रम | विद्यालय अनुगमन प्रतिवेदन | निरन्तर |
| | | ७. बृहत यौनिकता शिक्षा सम्बन्धी शिक्षक तालिम सामग्री विकास गरी तालिममा समावेश गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, स्थानीय तह | बृहत् यौनिकता सम्बन्धी विकसित शिक्षक तालिम सामग्री सङ्ख्या | शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रतिवेदन | २०८३ – निरन्तर |
| | | ८. बृहतर यौनिकता शिक्षा, यौन व्यवहार, सेनिटरी प्याड वितरण लगायत पाठ्यक्रमा भएका विषयमा पठनपाठन भएको सुनिश्चितताका लागि बाल क्लब, शिक्षक अभिभावक संगठनहरू र विद्यालय व्यवस्थापन समितिको संयुक्त अनुगमन गर्ने । | स्थानीय तह | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | अनुगमन सङ्ख्या | अनुगमन प्रतिवेदन | आवधिक |
| ३९ (ख) | मितव्ययी बाल हेरचाह सुविधा र वृद्धवृद्धाहरूको हेरचाह सेवाहरू प्रदान गरेर महिला माथिको बेतलबी कार्यको बोझ पहिचान गरी सो बोझ घटाउने र पुनर्वितरण गर्ने तथा पारिवारिक व्यवसायमा कार्यरत महिलालाई पर्याप्त पारिश्रमिक र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच सुनिश्चित गर्ने । | १. घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्याङ्कन गरी अर्थतन्त्रमा पुग्ने योगदानको नमूना लेखाजोखा गर्ने। | अर्थ मन्त्रालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्टिय योजना आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय, | अर्थतन्त्रमा महिलाको योगदानको प्रतिशत | मूल्याङ्कन प्रतिवेदन र लेखाजोखा प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २. हेरचाह सम्बन्धी नीति तर्जुमा गर्ने। | राष्ट्रिय योजना आयोग | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | हेरचाह नीति निर्माण | निर्मित हेरचाह नीति (प्रति) | २०८३ |
| ३९ (ग) | समान मूल्यको कामको लागि समान ज्याला सिद्धान्त लागु गराउने, नियमित रुपमा महिला केन्द्रित | १. समान ज्याला पाएको नपाएको विषयलाई श्रम निरीक्षण (labour Audit) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | श्रम निरीक्षणको सङ्ख्या | श्रम निरीक्षण सम्बन्धी संशोधित निर्देशिका र सूचक | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | ज्यालाको समीक्षा गर्ने। लैङ्गिक तटस्थता विश्लेषण मार्फत् लैङ्गिक ज्याला अन्तरलाई कम गर्न वर्गीकरण र मूल्याङ्कनका बिभिन्न प्रक्रियाहरुको अवलम्बन तथा नियमित पारिश्रमिक सर्भेक्षण गर्ने । | गर्दा प्राथमिकतामा राख्ने गरी निर्देशिका तथा सूचकमा संशोधन गर्ने। | | | | | |
| | | २. अनौपचारिक क्षेत्रमा कार्यरत रहेका श्रमिकहरुलाई लक्षित गरी श्रम निरीक्षण सम्बन्धी कार्यविधि निर्माण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निर्मित श्रम निरीक्षण सम्बन्धी कार्यविधि | कार्यविधि (प्रति) | २०८३ |
| | | ३ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विषयहरुलाई लैङ्गिक संवेदनशील बनाउने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सम्बन्धित निकायहरु | लैङ्गिक संवेदनशील विषय सङ्ख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| ३९ (घ) | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन (सन् २०१५)लाई अनौपचारिक क्षेत्रमा समेत विस्तार गर्न संशोधन गर्ने र यौन दुर्व्यवहारका पीडित महिलाहरूलाई विशेषतः ग्रामीण र दुर्गम क्षेत्रमा प्रभावकारी देवानी र फौजदारी दुवै न्यायिक उपचारहरूमा महिलाको पहुँच सुनिश्चित गर्ने, गुनासो प्रभावकारी रूपमा अनुसन्धान हुने, अपराधीहरूलाई अभियोजन भई उपयुक्त सजाय पाउने, पीडितहरू प्रतिशोधबाट सुरक्षित हुने र नियमित श्रम निरीक्षणको कार्य सञ्चालन हुने सुनिश्चित गर्ने र आई .एल ओ. को हिंसा र दुर्व्यवहार महासन्धि, सन् २०१९ (नं.१९०) लाई अनुमोदन गर्ने\| | १. कार्यस्थलमा हुने लैङ्गिक हिंसाको पहिचान र निराकरणका लागि श्रम निरीक्षकहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रम सङ्ख्या र श्रम निरीक्षक सङ्ख्या | सञ्चालित कार्यक्रम प्रतिवेदन | २०८३ – निरन्तर |
| | | २.गुनासो सुन्ने प्रणाली Integrated Labor Management Information System लाई प्रभावकारी बनाउने। | श्रम रोजगार तथा व्यवसायजन्य सुरक्षा विभाग | निजी क्षेत्र तथा औद्योगिक प्रतिष्ठानहरु | परिमार्जित आई.एल.एम.आई.एस प्रणाली | परिमार्जित आई.एल.एम.आई.एस प्रणाली (वेबपेज) | २०८३ - निरन्तर |
| | | ३. ILO Convention (No.190) अनुमोदनको सन्दर्भमा Gap Analysis गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अध्ययन प्रतिवेदन | अध्ययन प्रतिवेदन(प्रति) | २०८२ - निरन्तर |
| | | ४.समान ज्याला तथा कार्यस्थलमा हुने सम्भावित यौन हिंसाका बारेमा जनचेतना अभिवृद्धि गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संचालित जनचेतना अभिवृद्धि कार्यक्रम सङ्ख्या र सहभागी सङ्ख्या | जनचेतना कार्यक्रम प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ५. महिला माथि हुने सबै प्रकारका हिंसाको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको लागि एकीकृत सूचना प्रणालीको विकास गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय | लैङ्गिक हिंसाको एकीकृत तथ्याङ्क | लैङ्गिक हिंसा सूचना व्यवस्थापन प्रणाली | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| ३९ (ङ) | विशेषगरी डिजिटल अर्थतन्त्र जस्ता उदियमान क्षेत्रहरुमा अपाङ्गता भएका महिला र किशोरीहरु सहित, समान अवसरहरु सुनिश्चित गर्नुपर्ने । | १. परिमार्जित डिजिटल नेपाल फ्रेमवर्कमा डिजिटल समावेशीका बिषयहरु समाबेश गर्ने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | परिमार्जित डिजिटल नेपाल फ्रेमवर्क | परिमार्जित डिजिटल नेपाल फ्रेमवर्क(प्रति) | २०८३ - २०८४ |
| | | २. पहुँचयुक्त डिजीटल क्षमता विकास तालिम सञ्चालन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय | संचालित तालिम र सहभागी सङ्ख्या | तालिम प्रतिवेदन | २०८४ - निरन्तर |
| | | ३. महिला डिजिटल स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह संयुक्त राष्ट्र सङ्घीय एजेन्सीहरू | डिजिटल स्टार्टअपको सङ्ख्या | क्रियाशील स्टार्टअप | २०८४ - निरन्तर |
| ४१(क) | नेपाली महिला आप्रवासी कामदारहरू, महिला घरेलु कामदारहरू सम्बन्धमा गन्तव्य देशहरुमा गरिएका सबै द्विपक्षीय सम्झौताहरुमा नेपाली महिला आप्रवासी कामदारहरुको मानव अधिकारको सबै उल्लंघनका अनुसन्धान र अभियोजन गर्न पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने सुनिश्चित गर्ने । | १. गन्तव्य मुलुकहरुसँग गरिने श्रम सम्बन्धी सम्झौताका अतिरिक्त घरेलु महिला कामदारलाई लक्षित गरी बेग्लै द्विपक्षीय प्रोटोकलमा सहमति तथा हस्ताक्षर गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय | गन्तव्य मुलुकहरूसँग भएको श्रम सम्झौताको सङ्ख्या र घरेलु महिला लक्षित बेग्लै द्विपक्षीय प्रोटोकलमा हस्ताक्षर गर्ने मुलुक वा सम्झौता सङ्ख्या । | श्रम सम्झौता सूची र बेग्लै द्विपक्षीय प्रोटोकलमा हस्ताक्षर मुलुक (सूची) | २०८३ - २०८४ |
| | | २. श्रम सम्झौता भएका मुलुकहरुसँग सम्झौतामा भएको प्रावधान अनुसार संयुक्त प्राविधिक समितिहरुमा महिला कामदारहरुको समस्यालाई प्राथमिकताका साथ उठाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय | संयुक्त समितिको बैठक सङ्ख्या । | समितिको बैठक पुस्तिका | २०८३ - निरन्तर |
| ४१(ग) | वैदेशिक रोजगारीमा जाने श्रमिक भर्ना लागत घटाउन र महिला आप्रवासी कामदारहरूको लागि सुरक्षित अवस्था सुनिश्चित गर्न, | १. वैदेशिक रोजगारीमा जाने महिला लक्षित पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रमलाई थप परिमार्जित गरी कार्यक्रमलाई प्रभावकारी बनाउने। | वैदेशिक रोजगार विभाग | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | परिमार्जित पाठ्यक्रमको सङ्ख्या र लाभान्वित महिला सङ्ख्या। | परिमार्जित पाठ्यक्रम र प्रशिक्षार्थी मूल्यांकन फारम | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | उनीहरूलाई उपलब्ध उपचारहरूको बारेमा जानकारी दिन र त्यस्ता उपचारहरूमा पहुँच गर्न लैङ्गिक र अन्तरसम्बन्धित अवरोधहरूलाई संवोधन गर्न सरकारी निकायहरू, नागरिक समाज र ट्रेड युनियनहरू बीच समन्वय बढाउने । | २. सरकारी निकाय, वैदेशिक रोजगार व्यवसायी एवं नागरिक समाज समेतको सहकार्यमा ग्रामीण र जोखिममा रहेका क्षेत्रहरूमा सुरक्षित आप्रवासन एवं उपचार प्रक्रिया सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, स्थानीय तह, रोजगार व्यवसायी संघ | बेचबिखनको जोखिम बारे सचेतना कार्यक्रम सङ्ख्या | स्थानीय तहको प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ३. नेपाली महिला कामदारहरु जाने मुख्य गन्तव्य मुलुकहरुका नेपाली दुतावासहरुमा खटिने श्रम सहचारी एवं अन्य कर्मचारीहरुको पदस्थापनमा महिला कर्मचारीहरुलाई प्राथामिकता दिने गरी श्रम काउन्सेलर तथा श्रम सहचारी छनौट र नियुक्ति सम्बन्धी मापदण्डमा संशोधन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय तह | छनौट मापदण्डको संशोधन र दुतावासमा खटाईएका महिला कर्मचारीको सङ्ख्या | परिमार्जित मापदण्ड नियुक्ति वा निर्णय र महिला कर्मचारीको सूची। | २०८३ - निरन्तर |
| ४१ (घ) | बेचबिखनको जोखिममा पर्न सक्ने चेतना अभिवृद्धि अभियानहरू सञ्चालन गर्ने र आप्रवासी महिला र बालिकाहरूलाई निःशुल्क कानूनी सहायता, हटलाइनहरू र प्रस्थान पूर्व जानकारीमा पहुँच प्रदान गर्ने । | १. वैदेशिक रोजगारसँग सम्बन्धित उजुरी तथा मुद्दाहरुको प्रक्रियामा महिलालाई निःशुल्क कानूनी सहायता उपलव्ध गराउन व्यवस्था गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निःशुल्क कानूनी सहायताको विवरण र कानूनी सहायता प्राप्त गरेका महिलाको सङ्ख्या | वार्षिक प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २.कल सेन्टरमा मानव बेचबिखनको जोखिममा पर्न सक्ने महिला र बालबालिकाका लागि परामर्श सेवाहरू थप गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड। | बोर्डको कल सेन्टर मा थपिएको सेवा (विवरण) र बेचबिखन जोखिम परेका बाट आउने कल र दिने परामर्श सङ्ख्या | क्रियाशील कल सेन्टरबाट थप सेवा प्रवाह विवरण | २०८३ - निरन्तर |
| ४१ (ङ) | फर्किएका महिला आप्रवासी कामदारहरूको पुनः एकीकरणलाई सहज बनाउन लैङ्गिक-उत्तरदायी सहयोग प्रदान गर्ने। | १. वैदेशिक रोजगारीमा गएर फर्किएका महिला कामदारहरुको पुनः एकीकरणलाई प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको पुनः एकीकरण सम्बन्धी | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रादेशिक सरकार र स्थानीय तह तथा विकास साझेदारहरु | परियोजनाको कार्यान्वयन कार्यक्षेत्र विस्तारित सङ्ख्या | कार्यक्षेत्र विस्तार निर्णय र परियोजनाको प्रतिवेदन | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | परियोजनाको कार्यक्षेत्र र क्रियाकलाप बिस्तार गर्दै लैजाने। | | | | | |
| | | २. फर्किएका महिला आप्रवासी कामदारहरूको मानसिक स्वास्थ्य र आत्मविश्वास पुनःजागरण गर्न लैङ्गिक संवेदनशील मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय तह | सञ्चालित लैङ्गिक संबेदनशील मनोसामाजिक परामर्श सेवा सङ्ख्या र सहभागी सङ्ख्या | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बर्षिक प्रतिवेदन (वेबसाईट) | २०८३ - निरन्तर |
| | | ३. वैदेशिक रोजगारीमा गएर फर्किएका महिला कामदारहरुको पुनः एकीकरणलाई प्रभावकारी बनाउन उद्यमशीलता तालिम (जस्तै घरेलु उत्पादन, सेवा क्षेत्र, कृषि आदि) सञ्चालन एवं विस्तार गर्दै लैजाने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रादेशिक सरकार र स्थानीय तह तथा विकास साझेदारहरु, राष्ट्रिय व्यवसायिक सीप प्रशिक्षण प्रतिष्ठान | सञ्चालित उद्यमशीलता तालिम सङ्ख्या र सहभागी सङ्ख्या | उद्यमशीलता मेला, बजार | निरन्तर |
| ४३ क) | ग्रामीण क्षेत्रका महिला स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित चिकित्साकर्मीलाई तालिम सहित उच्च मातृ मृत्युदर घटाउन गर्भावस्था, प्रसव पुर्व र प्रसव पश्चात (एन्टेनेटल, पेरिनेटल र पोष्टनेटल) स्वास्थ्य सेवाहरूमा महिलाको पहुँच अभिवृद्धि गर्ने । | १. समुदायस्तरमा यौन तथा प्रजनन स्वास्थ्य सेवा प्राप्ति सम्बन्धी व्यवहार परिवर्तन, स्वास्थ्य शिक्षा सचेतना र जानकारी प्रवाहकालागि लक्षित जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज | संचालित लक्षित कार्यक्रम र सहभागी सङ्ख्या | वार्षिक प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २. गर्भवती महिलाको स्वास्थ्य सेवाका लागि नियमित जाँचमा पहुँच स्थापित गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रादेशिक सरकार र स्थानीय तह, नागरिक समाज | संचालित लक्षित जनचेतना अभिवृद्धि कार्यक्रम र सहभागी | वार्षिक प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ३. प्रत्येक गाउँपालिका, नगरपालिकामा व्यवस्थित सुरक्षित प्रसूति कक्ष सहितको स्वास्थ्य केन्द्र र दक्ष प्रसूति कर्मीको व्यवस्था गर्ने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रादेशिक सरकार र स्थानीय तह, नागरिक समाज | कार्यालय तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | स्थानीय प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ४ विशेष गरी ग्रामीण क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका, स्टाफ नर्स र अन्य फ्रन्टलाइन स्वास्थ्यकर्मीहरूलाई | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह, विकास साझेदार, संघ संस्थाहरु, नागरिक समाज | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य (SRH) र आपतकालीन प्रसूति सेवा | विभिन्न निकायका प्रतिवेदनहरु | २०८३, निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा, जोखिमयुक्त गर्भावस्था पहिचान, प्रेषण प्रणाली र आपतकालीन प्रसूति सेवासम्बन्धी अनिवार्य तालिमहरू सञ्चालन गर्ने। | | | सम्बन्धी तालिमको सङ्ख्या र सहभागी स्वास्थ्य स्वयंसेविका सङ्ख्या | | |
| | | ५. दक्ष जनशक्ति उत्पादन गरी प्रसूति स्वास्थ्य सेवालाई सम्मानित तथा मर्यादित बनाउन स्थानीय स्तरमै तालिमको व्यवस्था गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रादेशिक सरकार र स्थानीय तह | संचालित लक्षित कार्यक्रम सङ्ख्या | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रतिवेदनहरु | २०८३ — निरन्तर |
| ४३ (ख) | ग्रामीण महिला तथा किशोरीहरू, अविवाहित महिलाहरू, र अपाङ्गता भएका महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवा लगायत परिवार नियोजन, गर्भनिरोधका आधुनिक व्यवस्थाहरु, र सुरक्षित गर्भपतन र गर्भपतनपछिको सेवाहरूको जानकारी तथा पर्याप्त पहुँच सुनिश्चित गर्ने । | १. ग्रामीण, अविवाहित, र अपाङ्गता भएका महिला तथा किशोरीहरु र लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरूको लागि यौन तथा प्रजनन् स्वास्थ्य, मानसिक स्वास्थ्य सेवा, परिवार नियोजन, गर्भनिरोधका आधुनिक उपकरण र सुरक्षित गर्भपतन र गर्भपतन पछिका सेवाहरू सहितको मोबाइल स्वास्थ्य शिविर सञ्चालन गर्ने तथा समुदाय सचेतना कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य हेर्ने प्रादेशिक विषयगत मन्त्रालय, स्थानीय तह | अन्य प्रादेशिक विषयगत मन्त्रालय, विकास साझेदार, संघ संस्थाहरु, नागरिक समाज | संचालित मोबाइल स्वास्थ्य शिविर र मानसिक स्वास्थ्य सेवा कार्यक्रम सङ्ख्या र शिबिरबाट लाभान्वित सङ्ख्या (समावेशी खण्डिकृत तथ्याङ्क) | जिम्मेवार निकायको प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २. आधारभूत स्वास्थ्य सेवाहरु सेवा केन्द्रहरूमा प्रजनन् तथा स्वास्थ्य सेवा सम्बन्धी आवश्यक औषधि उपकरण जस्तै, उपकरण औजार(अल्ट्रासाउन्ड, डेलिभरी किट) प्रसूति कक्ष तथा जनशक्तिको व्यवस्था गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, स्थानीय तह | स्थानीय तह, विकास साझेदार संघ संस्थाहरु | न्यूनतम स्वास्थ्य सेवा मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थाहरुको सङ्ख्या | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वार्षिक प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ३. स्वास्थ्य सेवा प्रदायकहरूको प्रि-सर्भिस पाठ्यक्रममा लैङ्गिक हिंसा तथा यौन तथा | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | स्थानीय तह, विकास साझेदार संघ संस्थाहरु | तालिम पाठ्यक्रम | वार्षिक प्रतिवेदन | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी विषय समावेश गरी एकीकृत र प्रभावकारी सेवा प्रदान गर्ने । | प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, | | | | |
| | | ४. अपाङ्गतामैत्री प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवा निर्देशिका २०७९ को प्रभावकारी कार्यान्वयनका लागि सबै स्वास्थ्य संस्थालाई अपाङ्गतामैत्री बनाउने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, | स्थानीय तह, विकास साझेदार संघ संस्थाहरु, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अपाङ्गता मैत्री भएका स्वास्थ्य संस्थाको सङ्ख्या | वार्षिक प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ५. हरेक स्वास्थ्य सस्थामा रहेको सहायता कक्षलाई अपाङ्गतामैत्री बनाई सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, स्थानीय तह | प्रादेशिक विषयगत मन्त्रालयहरु, विकास साझेदार संस्था, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अपाङ्गता मैत्री सहायता कक्षको सङ्ख्या र सहायता कक्षबाट सेवा प्राप्त गर्नेको सङ्ख्या | जिम्मेवार निकायको वार्षिक प्रगति प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ६. किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९ को कार्यान्वयन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (प्राथमिक स्वास्थ्य केन्द्रहरू) | प्रादेशिक सरकार र स्थानीय तह | निर्देशिकामा उल्लिखित कार्यक्रमको कार्यान्वयन सङ्ख्या | निर्देशिकाको प्रगति प्रतिवेदन | २०८३ — निरन्तर |
| | | ७. प्रजनन स्वास्थ्य सम्बन्धी विद्यमान कानून तथा नीतिलाई परिमार्जन गरी अपाङ्गमैत्री, मातृभाषा र स्थानीय भाषामा प्रकाशन गरी वितरण गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | प्रादेशिक सरकार र स्थानीय तह | स्थानीय भाषामा प्रकाशित नीतिको सङ्ख्या | स्थानीय निकायको प्रतिवेदन | २०८३ — निरन्तर |
| | | ८. प्रजनन स्वास्थ्य सेवाको कार्यान्वयनको अवस्थाको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, प्रादेशिक सरकार र स्थानीय तह | अनुगमनको सङ्ख्या | जिम्मेवार निकायको प्रतिवेदन | २०८३ — निरन्तर |
| | | ९. सुरक्षित गर्भपतन सेवामा हुने हिंसा तथा अपराधीकरणलाई न्यूनीकरण गरी | स्वास्थ्य तथा जनसङ्ख्या | गृह मन्त्रालय, सरोकारवाला निकाय | संशोधित कानुनको सङ्ख्या | जिम्मेवार निकायको प्रतिवेदन | २०८३ — निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित र गुणस्तरीयताको लागि आवश्यक कानूनहरु संशोधन गर्ने । | मन्त्रालय | | | | |
| ४३ (घ) | प्रसवको समयमा गर्भवती महिलालाई सुरक्षा दिन कानूनी र नीतिगत उपायहरू अपनाउने, महिला र बालिकाहरू विरुद्ध हुने प्रसूति हिंसा र भेदभावलाई दण्डित गर्ने, स्वास्थ्य व्यवसायीहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई सुदृढ पार्ने र स्वास्थ्य सेवा केन्द्रहरू र अस्पतालहरूमा महिला बिरामीहरूको उपचारको नियमित अनुगमन सुनिश्चित गर्ने । | १. यौन तथा प्रजनन् स्वास्थ्य सेवामा संलग्न सेवा प्रदायकहरुलाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ र नियमावली, २०७७ कार्यान्वयन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | स्थानीय तह | अभिमुखीकरण कार्यक्रम सङ्ख्या (सहभागी सङ्ख्या) | जिम्मेवार निकायको वार्षिक प्रगति प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २ समुदायस्तरमा यौन तथा प्रजनन् स्वास्थ्य सेवा अधिकार तथा सेवा प्रवाह प्रणालीका सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | प्रदेश सरकार, स्वास्थ्य विषय हेर्ने प्रदेश मन्त्रालय | स्थानीय तह, गैरसरकारी संस्था | सचेतना कार्यक्रम सञ्चालन (प्रकार, माध्यम र सङ्ख्या) र सहभागी सङ्ख्या | सचेतना कार्यक्रम प्रतिवेदन | निरन्तर |
| | | ३ . अन्तरविविधता महिलाहरुको आवश्यकतालाई समेटी प्रसूति सेवालाई सुरक्षित, मर्यादित, गुणस्तरीय बनाउन तथा सो सम्बन्धी हिंसालाई नियन्त्रण हुने गरी कानून संशोधन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार स्वास्थ्य मन्त्रालय तथा सामाजिक विकास मन्त्रालय, स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रादेशिक सरकार विषयगत मन्त्रालय, नागरिक समाज विकास साझेदार, संघसंस्था, | संशोधित कानुनको सङ्ख्या | स्वीकृत निर्देशिका/मापदण्ड र जिम्मेवार निकायको वार्षिक प्रतिवेदन | २०८३ - निरन्तर |
| ४३ (ङ) | आमाबाट बच्चामा सर्ने रोग रोकथाम गर्न गर्भवती महिला सहित एच.आई.भी. एड्स भएका सबै महिला र युबतीहरूलाई निःशुल्क एन्टी रेट्रोभाइरल उपचार प्रदान गर्ने र एच.आई.भी. एड्सको साथ बाँचिरहेका महिला र किशोरीहरूमा | १.एच.आई.भीबाट संक्रमित भएका सम्पूर्ण व्यक्तिहरु, युवती साथै गर्भवती महिलालाई गोपनियताका साथ निःशुल्क रुपमा परामर्श, सम्मानजनक र गुणस्तरीय उपचार सेवा प्रदान गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार स्वास्थ्य मन्त्रालय तथा सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रादेशिक सरकारका विषयगत मन्त्रालय, नागरिक समाज विकास साझेदार, संघसंस्था | सेवा प्राप्त सङ्ख्या | जिम्मेवार निकायको वार्षिक प्रगति प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २. जिल्ला तथा स्थानीय स्तरमा विभेद न्यूनीकरणको लागि सामाजिक, कानूनी र | स्वास्थ्य तथा जनसङ्ख्या | प्रदेश सरकार स्वास्थ्य मन्त्रालय तथा सामाजिक | एकीकृत कार्यक्रम | संघ संस्था तथा अस्पतालका | २०८३ — निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | हुने लाञ्छना तथा सामाजिक विभेदीकरणलाई संवोधन गर्ने । | स्वास्थ्य सम्बन्धी एकीकृत कार्यक्रम बनाई लागु गर्ने । | मन्त्रालय | विकास मन्त्रालय, स्थानीय तह राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यालय, वडा कार्यालय, सरोकारवाला संस्थाहरु | कार्यान्वयनको प्रगति | वार्षिक प्रगति प्रतिवेदन | |
| | | ३. एच.आई.भी. एड्स तथा यौनरोग संक्रमित महिला र किशोरीहरूमा हुने सामाजिक बहिष्कारलाई न्यूनीकरण गर्न तथा पीडकहरुलाई कानूनी दायरामा ल्याउन आवश्यक कानूनी व्यवस्था गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार स्वास्थ्य मन्त्रालय तथा सामाजिक विकास मन्त्रालय, स्थानीय तह, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यालय, वडा कार्यालय, सरोकारवाला संस्थाहरु | संशोधित कानून सङ्ख्या | स्थानीय तह, वडा कार्यालय वा OCMC मा आएका उजुरीहरुको तथ्याङ्क | २०८३ — निरन्तर |
| ४३ (च) | अपाङ्गता भएका बालिका र सबै बालिका सहित अन्तरलिङ्गी बालबालिकाहरूमा स्वनिर्णय लिन सक्ने एवं स्वतन्त्र, पूर्वसूचित मञ्जुरी प्रदान गर्न सक्ने उमेर वा परिपक्वता नपुग्दै, अनावश्यक चिकित्सा वा शल्यक्रियागत हस्तक्षेप गर्न प्रतिबन्ध लगाउने; अन्तरलिङ्गी बालबालिकाहरूको स्वायत्तता र शारीरिक अखण्डतालाई कायम राख्न | १. मानव अधिकारमुखी स्वास्थ्य सेवा अनुरूप अन्तरलिङ्गी र अपाङ्गता भएका बालिकाहरूका लागि विशेष स्वास्थ्य सेवा प्रोटोकल तर्जुमा, स्वास्थ्यमा प्रतिकूल असर गर्ने बाहेकका विकास, अनावश्यक शल्यक्रिया प्रतिबन्ध, र निःशुल्क कानूनी सहायता र चिकित्सकीय एवं मनोसामाजिक सेवाहरुमा पहुँच सुनिश्चित गर्ने कार्यक्रमहरु सञ्चालन गर्न कार्यविधि बनाई लागु गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय प्रादेशिक सरकार,विषयगत मन्त्रालय, स्थानीय तह | कार्यविधि र कार्यक्रम सङ्ख्या | जिम्मेवार निकायको वार्षिक प्रगति प्रतिवेदन | २०८३ — निरन्तर |
| | मानव अधिकारमा आधारित स्वास्थ सेवा प्रोटोकलहरु स्वीकृत गरी कार्यान्वयन गर्ने, अन्तरलिङ्गी बालबालिका र उनीहरूका | २. बौद्धिक अपाङ्गता भएको व्यक्ति साथै १८ वर्ष भन्दा कम उमेरको व्यक्तिको हकमा आवश्यक चिकित्सा वा शल्यक्रियागत कार्य गर्दा सहमति विनाको | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | प्रादेशिक सरकार, विषयगत मन्त्रालय र स्थानीय तह | संशोधित कानून | स्वीकृत कानून र जिम्मेवार निकायको प्रतिवेदन | २०८३ — निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | परिवारहरूलाई निःशुल्क कानूनी सहायता,चिकित्सा र मनोसामाजिक सेवाहरू सुनिश्चित गर्ने। | कार्य गर्न नपाउने गरी कानूनलाई संशोधन गर्ने । | | | | | |
| | | ३.अन्तरलिंगी बालबालिकाहरुमाथि भईरहेका अनावश्यक चिकित्सकीय अभ्यासहरुको अध्ययन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | प्रादेशिक सरकार, विषयगत मन्त्रालय र स्थानीय तह | अध्ययन प्रतिवेदन | अध्ययन प्रतिवेदन | २०८३ — निरन्तर |
| ४५ (ख) | महिलाको आर्थिक सशक्तीकरणमा लैङ्गिक यथास्थितिबादी धारणा र अवरोधहरूलाई संवोधन गर्ने र महिलालाई जग्गाको स्वामित्व, धितो बिना कम ब्याजदरमा ऋण र अन्य प्रकारका वित्तीय ऋणमा पुरुषहरू सरह समान पहुँच सुनिश्चित गर्ने र महिलालाई सामान र उत्पादनहरूको सन्दर्भमा विद्युतीय व्यापार र सीमापारि व्यापारमा संलग्न गर्नेको लागि व्यापारिक सञ्जाल, स्रोतहरू, उद्यमशीलताका अवसरहरू र सूचना तथा सञ्चार प्रविधिमा उनीहरूको पहुँच विस्तार गर्ने। | १. ग्रामीण र अन्तरविविधता महिला लक्षित ऋणमा पहुँच सुनिश्चित गर्नका लागि वित्तिय अवरोधहरु र लैङ्गिक असमानताहरुको पहिचान गरी पहुँच वृद्धि गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय नेपाल राष्ट्र बैंक | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय तह , | वित्तीय पहुँच प्रतिशत | अध्ययन प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २. महिला उद्यमीद्वारा सञ्चालित उद्योग व्यवसायबाट उत्पादित वस्तु तथा सेवामा सहुलियतपूर्ण ऋणमा प्राथमिकता दिने र व्याज तथा करमा विशेष छुटको व्यवस्था गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय नेपाल राष्ट्र बैंक | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय तह | सहुलियतपूर्ण ऋण परिचालन प्रतिशत | छुट पाएको महिला उद्यमी सङ्ख्या | |
| | | ३. महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना र विस्तार गर्ने। | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना सङ्ख्या | वार्षिक प्रतिवेदन | |
| | | ४. सक्रिय र क्रियाशिल महिला उद्यमीहरूको पहिचान गरी डिजिटल सीप र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय तह | डिजिटल सीप प्राप्त उद्यमीको सङ्ख्या र वित्तीय साक्षरता कार्यक्रम सङ्ख्या। | कार्यक्रम प्रतिवेदन | २०८३ - निरन्तर |
| | | ५. महिलाको भूमिमाथिको अधिकार सुनिश्चित गर्नका लागि कानूनी सहायता कार्यक्रम र कानूनी साक्षरता अभियानहरु सञ्चालन गर्ने । | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, जिल्ला कानूनी सहायता समिति स्थानीय तह | साक्षरता अभियान सङ्ख्या र सहभागी महिला सङ्ख्या | कार्यक्रम र अभियान प्रतिवेदन | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | | ६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला प्रदर्शनीहरूमा महिला उद्यमीहरूको सहभागिता बृद्धि गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि तथा पशूपन्छी विकास मन्त्रालय | महिला उद्यमीहरूको सहभागिता सङ्ख्या | वार्षिक प्रतिवेदन | |
| ४७. (ख) | ग्रामीण र आदिवासी महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू लगायतका स्वास्थ्य सेवाहरू, निर्णय तथा नेतृत्व तहहरू, शिक्षा, औपचारिक रोजगारी, सामाजिक सुरक्षा, आवास, पर्याप्त पानी र सरसफाइकासाथै आधुनिक कृषि प्रविधिहरू जस्तै बाली कटान विधि, संरक्षण, भण्डारण, प्रशोधन, प्याकेजिङ, मार्केटिङ र उद्यमशीलतामा पहुँच प्रवर्द्धन गर्न ग्रामीण क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गर्ने प्रयासहरूलाई तीव्र पार्ने । | १. ग्रामीण आदिवासी र दलित महिला लक्षित कृषि उद्यमशीलता विकास, बजार प्रवर्द्धन, कार्यक्रम सञ्चालन गर्ने । | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश कृषि मन्त्रालय<br>स्थानीय तह | उद्यमशील महिलाको सङ्ख्या वृद्धि प्रतिशत | जिम्मेवार निकायको वार्षिक प्रगति प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालय को वार्षिक प्रगति प्रतिवेदन (वेबसाईट) | २०८३ - निरन्तर |
| ४७ (ग) | आदिवासी महिलाहरूको प्रभावकारी सहभागितामा मात्रै आदिवासी समुदायका क्षेत्र र संरक्षित क्षेत्रहरूमा काठ काट्ने, पर्यटकीय र खानी उत्खनन गर्ने कार्यका साथै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रमहरू तथा संरक्षण परियोजनाहरू लगायतका आर्थिक गतिविधिहरू कार्यान्वयन गर्न सकिने र उनीहरूको स्वतन्त्र, पूर्व र सूचित मञ्जुरी र समतामूलक लाभ | १. आदिवासी महिलाका ज्ञान, सीप, मूल्य मान्यतालाई महत्व दिदै आदिवासी महिला लक्षित उद्यमशीलता तालिम प्रदान गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | उद्यमशीलता तालिमको सङ्ख्या र सहभागी सङ्ख्या | तालिम प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २ संरक्षित क्षेत्रका परियोजना र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमबाट हुने आर्थिक लाभहरू विशेषगरी आदिवासी महिलालाई समतामूलक रूपमा बाँडफाँड गर्ने व्यवस्था गर्ने। | वन तथा वातावरण मन्त्रालय | स्थानीय तह, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | लाभान्वित सङ्ख्या | सम्बन्धित निकायको प्रतिवेदन | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| | बाँडफाँडको अधिकारको पूर्ण सम्मानलाई सुनिश्चित गर्ने। | | | | | | |
| ४७ (घ) | सरकारका सबै तहहरू विशेषगरी नीति निर्माण गर्ने निकायहरू, संवैधानिक निकायहरू, परराष्ट्र सेवा र सार्वजनिक सेवामा दलित महिलाको प्रतिनिधित्व बढाउने, जातीय भेदभाव र छुवाछुतका घटनाहरूको अनुगमन र अनुसन्धान गर्ने, र सबै क्षेत्रमा दलित महिला विरुद्ध हुने भेदभावमा शून्य-सहिष्णुता नीति लागू गर्ने। | १. दलित महिलामाथि भइरहेको भेदभाव विरुद्ध अभियान र गुनासो सुनुवाई संयन्त्र स्थापना गर्ने । | गृह मन्त्रालय | परराष्ट्र मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, लोक सेवा आयोग, नेपाल प्रहरी | अभियान सङ्ख्या र गुनासो संयन्त्र | समावेशी आयोगको प्रतिवेदन | २०८३ - निरन्तर |
| | | २. दलित महिलाको अर्थपूर्ण सहभागिताको लागि कोटा र आरक्षण सुनिश्चित गर्न सम्बन्धित कानूनहरुमा संशोधन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय कानून, न्याय तथा संसदीय मामीला मन्त्रालय लगायत अन्य सम्बन्धीत मन्त्रालय र आयोगहरु (राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग) | सरकारी सेवाको नियुक्तिमा दलित महिला सङ्ख्या अनुपात | दलित महिलाको सरकारी निकायमा नियुक्ती सङ्ख्या | २०८३ - निरन्तर |
| ५१ (क) | महिला र बालिकाहरूमा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको प्रभावको बारेमा छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन गर्ने। | १. जलवायु परिवर्तन र विपद्को महिला बालबालिकामा पर्ने प्रभाव मापन गर्न लैङ्गिक रूपमा संवेदनशील सूचना संकलन प्रणाली मार्फत अनुगमन गर्ने । | गृह मन्त्रालय | केन्द्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन तथा वातावरण मन्त्रालय | खण्डिकृत तथ्याङ्क | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको वेबसाइट | निरन्तर |
| | | २.SIMS प्रणालीमा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको जोखिम सम्बन्धी विवरण थप गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार र स्थानीय तह | अद्यावधिक SIMS प्रणाली | SIMS मा अद्यावधिक तथ्याङ्क समाविष्ट विवरण | २०८३ |

| निष्कर्ष सुझावको अनुच्छेद नं | समितिको सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | सूचनाको स्रोत (मापन माध्यम) | समयसीमा (वि.सं) |
|---|---|---|---|---|---|---|---|
| ५१ (ग) | जलवायु परिवर्तनसँग सम्बन्धीत निर्णय र जलवायु परिवर्तनको प्रभावहरूप्रति महिला तथा बालिकाहरूको उत्थानशीलता निर्माण गर्न अनुकूलन रणनीति र कार्यहरूको विकासमा प्रभावकारी रूपमा सहभागी हुने र उनीहरूलाई आफ्नो अधिकारको माग गर्न सशक्त बनाउनको लागि ग्रामीण महिला तथा अपाङ्गता भएका महिला लगायत समुदाय, महिला र बालिकाहरूमा जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन साक्षरता र जागरूकता वृद्धि गर्ने । | १. जलवायु परिवर्तनले कृषिमा संलग्न महिलाहरुलाई पारेको प्रभावको बारेमा अध्ययन गर्ने। | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह वन तथा वातावरण मन्त्रालय, कृषि, तथा पशूपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अध्ययन प्रतिवेदन | अध्ययन प्रतिवेदन | २०८३ |
| | | २.जलबायु परिवर्तनको जोखिमबाट अनुकुलन क्षमता अभिबृद्धि गर्न महिला लक्षित वचत तथा उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशूपन्छी विकास मन्त्रालय | सञ्चालित कार्यक्रम सङ्ख्या | कार्यक्रम सञ्चालन प्रतिवेदन | |
| | | ३. महिलाहरुलाई जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन समितिको संस्थागत संरचनामा समावेश गर्ने । | वन तथा वातावरण मन्त्रालय, प्रादेशिक तथा स्थानीय तह | सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह | समितिमा महिला सहभागीता सङ्ख्या | संस्थागत संरचना थप बारे कानूनी आधार विश्लेषण भएको हुने | २०८३ - निरन्तर |
| | | ४. अन्तरविविध महिला, युवा, किशोर किशोरीलाई जलवायु, र अनुकूलन रणनीतिहरूमा प्रशिक्षण, कार्यशाला सञ्चालन सहित जलवायु अभियानकर्ता, Climate Championsहरूमा लगानी गर्ने। | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह | जलवायु अभियानकर्ता, Climate Champions मा भएको लगानी प्रतिशत | जलवायु अभियानकर्ता, Climate Champions को सूची | २०८३ - निरन्तर |
| | | ५. जलवायु उत्थानशील दृष्टिकोण, मोडालिटी र सहभागिताका लागि संसदका सदस्यहरुको लागि कार्यशाला सञ्चालन गर्ने। | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह | संसदीय सदस्यहरूका लागि सञ्चालित कार्यशाला सङ्ख्या (सहभागी सङ्ख्या)। | कार्यशाला प्रतिवेदन | २०८३ - निरन्तर |

| निष्कर्ष सुझावको अनुच्छेद नं | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| ५३ (क) | बाल विवाह गर्ने नाबालिगहरूलाई आपराधीकरण गर्ने अभ्यासको अन्त्य गर्ने । | १. बाल विवाहबाट अत्यधिक प्रभावित क्षेत्र, वर्ग र समुदायलाई लक्षित गरी जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार,<br>स्थानीय तह,<br>गैरसरकारी संस्थाहरु | संचालित जनचेतना कार्यक्रम सङ्ख्या र सहभागी सङ्ख्या (जिल्लागत तथ्याङ्क) | कार्यक्रम प्रतिवेदन | निरन्तर |
| ५३ (ग) | सम्बन्ध विच्छेदको लागि समान आधार र प्रक्रिया, पारिवारिक सम्पत्तिको अंशबण्डामा समानता, जबर्जस्ती सम्बन्ध विच्छेद तथा दाइजो प्रथा विरुद्धको प्रतिबन्धको प्रभावकारी कार्यान्वयन गरी महिलाको विवाह तथा सम्बन्ध विच्छेदमा समान अधिकार सुनिश्चित गर्ने । | १. महिलाको विवाह तथा सम्बन्ध विच्छेदमा समान अधिकार सुनिश्चित गर्न तथा पारिवारिक सम्पत्तिको अंशबण्डामा समानता कायम गर्न मुलुकी देवानी संहितामा संशोधन गर्न अध्ययन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | व्यवस्थापिका संसद<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अध्ययन प्रतिवेदन | अध्ययन प्रतिवेदन(प्रति) | २०८४ |
| ५३ (ङ) | अपुताली सम्बन्धी कानूनी व्यवस्थाहरू लागू गर्ने र महिला, विशेषतः विधवा, एकल आमा तथा अपाङ्गता भएका महिला र बालिकाहरूलाई अपुताली प्राप्त गर्न अवरोध पैदा गर्ने व्यावहारिक बाधाहरूलाई जनचेतना अभिवृद्धि, डरधम्कीबाट सुरक्षा, र न्यायिक निकायहरू लगायत परम्परागत अदालतका न्यायिक अगुवा र न्यायाधीश समेतलाई प्रशिक्षण दिई सो मार्फत हटाउने । | १. मालपोत कार्यालय, स्थानीय न्यायिक समिति लगायत अनौपचारिक न्याय प्रणालीका अगुवा तथा राज्यको न्याय प्रणालीमा संलग्न व्यक्तिहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>मालपोत कार्यालयहरु | संचालित अभिमुखीकरण कार्यक्रम सङ्ख्या र सहभागी सङ्ख्या | कार्यक्रम प्रतिवेदन र सहभागी सूची | २०८३ |

| निष्कर्ष सुझावको अनुच्छेद नं | *समितिको सुझाव* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *सहयोगी निकाय* | *सूचक* | *सूचनाको स्रोत (मापन माध्यम)* | *समयसीमा (वि.सं)* |
|---|---|---|---|---|---|---|---|
| ५३ (च) | समलैङ्गिक, ट्रान्सजेन्डर, वा अन्य लैङ्गिक पहिचान भएका व्यक्तिहरू बीचको विवाह सम्बन्धलाई कानूनी मान्यता दिने । | १. समलैङ्गिक व्यक्तिहरू बीचको विवाहमा समानताको अधिकारलाई मान्यता दिने सम्बन्धी अध्ययन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून आयोग | अध्ययन प्रतिवेदन | वार्षिक प्रतिवेदन | २०८५ |
| | | २. अध्ययन प्रतिवेदनबाट प्राप्त सुझाव बमोजिम विवाहमा समानताको अधिकारलाई मान्यता दिन आवश्यक कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निर्मित कानून | राजपत्र | २०८५ |

## ३. राष्ट्रिय मार्गचित्र कार्यान्वयनका लागि संस्थागत व्यवस्था

यस मार्गचित्रको कार्यान्वयनलाई प्रभावकारी बनाउन, संघ,प्रदेश र स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्न, मार्गचित्र कार्यान्वयनको अनुगमन गर्न र आवश्यकता बमोजिम मार्गचित्रमा समसामयिक सुधार गर्न नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्वमा देहाय बमोजिमका पदाधिकारीहरू सदस्य रहेको एक उच्चस्तरीय राष्ट्रिय निर्देशक समिति रहनेछ ।

**क. राष्ट्रिय निर्देशक समिति:** निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (१) | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | -संयोजक |
| (२) | सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (३) | सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (४) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (५) | सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| (६) | सहसचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (७) | सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -सदस्य |
| (८) | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | -सदस्य |
| (९) | सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | -सदस्य |
| (१०) | प्रतिनिधि, नगरपालिका महासंघ तथा गाउँपालिका महासंघ | -सदस्य |
| (११) | महिला अधिकारका क्षेत्रमा कार्यरत नागरिक समाजका सदस्य (२ जना) | -सदस्य |
| (१२) | सहसचिव, महिला सशक्तीकरण महाशाखा, म.बा.तथा ज्ये.ना.म. | -सदस्य-सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार अन्य सरकारी निकायहरु (संघ, प्रदेश र स्थानीय तह) बाट र गैरसरकारी निकायबाट प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ ।

**ख. राष्ट्रिय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

१. मार्गचित्र कार्यान्वयनका लागि नीतिगत एकरुपता, मार्गदर्शन, रिक्तता र आबवद्धताको बारेमा आवश्यक सल्लाह, सुझाव र मार्गनिर्देशन दिनेछ ।

२. मार्गचित्र कार्यान्वयनका लागि संयुक्त राष्ट्र सङ्घीय निकायहरु, विकास साझेदार, निजी क्षेत्र र नागरिक समाजसँग समन्वय र सहकार्य गर्नेछ ।

३. प्रदेश र स्थानीय तहबाट आउने प्रगति विवरणको विश्लेषण गरी कार्यान्वयन प्रभावकारिताको लागि सुझाव दिनेछ।

४. समन्वय समितिलाई मार्गचित्र कार्यान्वयनको लागि आवश्यक निर्देशन दिनेछ ।

५. समितिले आफनो काम कारवाहीको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

**ग. समन्वय समिति**

राष्ट्रिय मार्गचित्रको कार्यान्वयनको क्रममा सरोकारवाला निकायहरु र प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछ:-

(१) सहसचिव, महिला सशक्तीकरण महाशाखा, म.बा.तथा ज्ये.ना.म. -संयोजक

(२) उपसचिव, महिला विकास तथा लैङ्गिक मूलप्रवाहीकरण शाखा -सदस्य

(३) उपसचिव, लैङ्गिक हिंसा निवारण शाखा -सदस्य

(४) उपसचिव, नीति, योजना तथा अनुगमन शाखा -सदस्य

(५) निर्देशक, तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखा -सदस्य

(६) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(७) उपसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(८) उपसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(९) शाखा अधिकृत, महिला विकास तथा लैङ्गिक मुलप्रवाहीकरण शाखा -सदस्य-सचिव

घ. **समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

१. मार्गचित्र कार्यान्वयनका लागि अभिमुखीकरण गर्ने ।

२. विभिन्न निकायहरुबीच समन्वय गर्ने प्रमुख ईकाइको रुपमा कार्य गर्ने ।

३. मार्गचित्रको नियमित प्रतिवेदन तयार गर्ने ।

४. नियमित अनुगमन तथा मूल्याङ्कन गरी मार्गचित्र कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

५. संघ, प्रदेश र स्थानीय तहका निकाय बीच समन्वय गर्ने र आवश्यक सूचना, तथा जानकारीहरु आदानप्रदान गर्ने ।

६. राष्ट्रिय निर्देशक समितिको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

## ४. अनुगमन तथा मूल्याङ्कन

संयुक्त राष्ट्र सङ्घीय महिला विरुद्धको भेदभाव उन्मूलन समितिको नेपालको सातौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष टिप्पणी, सुझाव तथा सिफारिस कार्यान्वयन राष्ट्रिय मार्गचित्र, २०८२ को कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्नेछ । त्यसैगरी प्रधानमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, राष्ट्रिय मार्गचित्रसँग सम्बन्धित रहने विभिन्न मन्त्रालय, महिलाको क्षेत्र हेर्ने प्रदेश मन्त्रालय, स्थानीय तह लगायतका निकायहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र रही नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछन्। तीन वर्षमा राष्ट्रिय मार्गचित्रको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन/सुधार गरिनेछ। यस राष्ट्रिय मार्गचित्र कार्यान्वयनले राष्ट्रिय विकासमा परेको प्रभाव मूल्याङ्कनको लागि समन्वय राष्ट्रिय योजना आयोगले गर्नेछ । मूल्याङ्कनको लागि यस मार्गचित्र कार्यान्वयन शुरु हुनु पूर्व नेपाल सरकारसँग भएका तथ्याङ्कलाई नै आधारभुत तथ्याङ्क मानिनेछ। राष्ट्रिय तथ्याङ्क कार्यालय लगायतका निकायले गरेका सम्बन्धित बिषयगत आधारभूत सर्वेक्षणका अद्यावधिक तथ्याङ्कलाई नै आवश्यकता अनुसार आधारभूत तथ्याङ्क मानिनेछ। निर्देशक समितिको सुझावमा समन्वय समितिले आन्तरिक स्वमूल्याङ्कन वा स्वतन्त्र विज्ञद्वारा वा तेस्रो पक्ष मूल्याङ्कन मार्फत मूल्याङ्कन कार्य गराउन सक्नेछ ।

## ५. मार्गचित्र कार्यान्वयनका लागि स्रोत पहिचान र परिचालन

प्रस्तुत संयुक्त राष्ट्र सङ्घीय महिला विरुद्धको भेदभाव उन्मूलन समितिको नेपालको सातौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष टिप्पणी, सुझाव तथा सिफारिस कार्यान्वयन राष्ट्रिय मार्गचित्र, २०८२ को कार्यान्वयन गर्ने सन्दर्भमा वैदेशिक सहायता परिचालन, कोष परिचालन, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था परिचालन, सार्वजनिक निजी साझेदारी मार्फत स्रोत व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने तथा सहलगानीका लागि संघ र प्रदेश जिम्मेवार हुनेछन् । राष्ट्रिय मार्गचित्रको कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत सम्बन्धित मन्त्रालय तथा स्थानीय तहले आ-आफ्नो बजेट तथा कार्यक्रमा समावेश गरी व्यवस्थापन गर्न सक्नेछन् । महिला विरुद्धको सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने नेपाल सरकारको प्रयासहरू र यस मार्गचित्रको सफल कार्यान्वयनका लागि प्रत्येक क्रियाकलापका लागि प्रमुख जिम्मेवार निकाय र सहयोगी निकायहरू जवाफदेही हुनेछन्। समन्वय समिति र निर्देशक समितिको संयोजन र सहकार्यमा सबै जिम्मेवार निकायले क्रियाकलाप, प्रतिफल र बजेट कार्यान्वयन र परिणामको पारदर्शिता सुनिश्चित गर्नेछन्।

## ६. जोखिम पहिचान र न्यूनीकरणका उपायहरु

मार्गचित्र कार्यान्वयन ढाँचालाई नेपाल सरकारका महिला अधिकार सम्बन्धी अन्य कानूनी तथा नीतिगत व्यवस्था र लैङ्गिक समानता नीति,२०७७ को परिपूरकका रुपमा लिई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

मूलतः सङ्घीय तहबाट मात्र कार्यान्वयन नभई अधिकांश क्रियाकलापहरु प्रदेश तथा स्थानीय तहबाट नै कार्यान्वयन हुने हुनाले यसलाई तीन वटै तहमा (क्रियाकलाप अनुसार) आन्तरिकीकरण गर्ने तथा तथ्याङ्क संकलनमा एकरुपता कायम गर्ने विषय चुनौतीपूर्ण देखिन्छ ।

एकीकृत, अद्यावधिक र खण्डीकृत तथ्याङ्कको कमी, सरकारी र गैरसरकारी क्षेत्रबीचका तथ्याङ्कमा भिन्नता, सरोकारवालाहरु बीच सुदृढ समन्वय र साझेदारी, मार्गचित्र कार्यान्वयनमा आवश्यक दक्षता, स्रोत साधनको प्रयास व्यबस्था जस्ता जोखिम यो मार्गचित्रको सफल कार्यान्वयनको लागि सम्बोधन गर्नुपर्ने देखिन्छ ।

जोखिम न्यूनीकरणका लागि अन्तर मन्त्रालय समन्वय र सहजीकरणमा निरन्तरता, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत र प्रभावकारी बनाउने, एकीकृत र तथ्यपरक प्रतिवेदन प्रणालीको विकास गर्ने, तीनै तहगत र निकायगत रुपमा मार्गचित्र बमोजिमका क्रियाकलापहरु सञ्चालनार्थ वार्षिक बजेट तथा कार्यक्रम विनियोजन गरी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

## ७. अपेक्षित उपलब्धि:

यो राष्ट्रिय मार्गचित्रको प्रभावकारी कार्यान्वयनबाट महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको पूर्ण कार्यान्वयनतर्फ नेपाल उन्मुख हुनेछ। मुलुकमा रहेका सबै महिलाले मर्यादित र सम्मानपूर्वक जीवनयापन, महिला समानता प्राप्ति र विभेदको अन्त्यको क्षेत्रमा उपलब्धि हासिल गर्ने वातावरण निर्माण हुनेछ । संघ, प्रदेश तथा स्थानीय तहमा नियमित प्रतिवेदनप्रणाली स्थापित भएको हुने, नेपाल सरकारद्वारा सिड समितिमा पेश गर्ने आगामी आठौं र नवौं प्रतिवेदन मस्यौदाको तयारीलाई आधार प्रदान गर्ने, आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका महिला वर्गको संरक्षण र सशक्तीकरण भएको हुने, महिलाको श्रम सहभागिता दर बढ्ने, हानीकारक अभ्यासहरुको अन्त्य हुने र लैङ्गिक समानतामुलक राष्ट्रको निर्माण हुनेछ ।

# अनुसूची १- नियमित प्रगति प्रतिवेदनको नमुना फाराम

प्रतिवेदन समयावधि (मिति ........... देखि ....... सम्म) क्रियाकलाप कार्यान्वयन/सञ्चालन गर्ने निकायः.......

प्रतिवेदन तयार र पेश गर्ने निकायः ................ (मन्त्रालय/ विभाग /कार्यालय...) **तह** (संघ/प्रदेश/स्थानीय).....

जिल्लाः............ सम्पर्क व्यक्ति.............. ... मिति.......

| सिड महासन्धि धारा/ **सुझाव नं** | मार्गचित्रको सम्बन्धित **योजनावद्ध क्रियाकलाप** | प्रगति **सूचक** | जिम्मेवार **निकाय** र कार्यान्वयन **तह** (सङ्घीय, प्रदेश, स्थानीय) | सूचनाको स्रोत (**मापन माध्यम**) र समयसीमा (वि.सं)/आ.व) | **कार्यान्वयन प्रगति स्थितिः** (छान्नुहोस) (जारी, सम्पन्न वा शुरु नभएको) | कार्यक्रमको सम्पन्न **प्रमुख गतिविधिहरूः** | **सूचकमा आधारित मुख्य प्रतिफल, उपलब्धि** (बिस्तृत लेख्नुहोस्। (कार्यक्रम, सहभागी संख्या, परिणाम,खण्डिकृत तथ्यांक..) | **प्रगति -** (भौतिक र वित्तिय) (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ (क) | १. | | | | | | | | |
| | २. | | | | | | | | |
| ११ (ख) | १. | | | | | | | | |

**चुनौती, जोखिम र समाधान, सुझावः**

## अनुसूची २-वार्षिक प्रगति प्रतिवेदनको नमुना फाराम

कार्यकारी सारांशः

मार्गचित्रको समग्र प्रगति विवरणः

.........

मुख्य उपलब्धि (सूचक बमोजिम):

१.

२.

चुनौतीः

१.

२.

सिकाई र असल अभ्यासः

१.

२.

आगामी प्रतिवेदन अवधिका प्राथमिक कार्यक्रम तथा क्रियाकलापः

१.